# परिच्छेद एक

# अध्ययन परिचय

## १.१ पृष्ठभूमि

स्थानीय निकायलाई राष्ट्र विकासको मूल मेरुदण्ड मानिन्छ । यही राष्ट्रिय अवधारण अनुरुप नेपालमा नगरपालिकाहरुको गठन गरिएको हो । वि.स.२०४९ सालमा गठन भएको व्यास नगरपालिकाले तनहुँको दमौलीमा समग्र पक्षको विकासका काम गर्दै आएको छ । (आचार्यः २०६४) यस नगरपालिकाले आफ्नो स्थापना कालदेखि वर्तमान समयसम्म विभिन्न आरोह अवरोहहरु पार गर्दै स्थानीय स्वायत्त निकायका रुपमा क्रियाशील छ । स्थानीय विकासका लागि नगरपालिकाको काम, कर्तव्य र अधिकार व्यापक अनि विस्तृत हुन्छ । नगरको समग्र विकासका लागि सक्रिय यस नगरपालिकाले सरकारी स्वामित्वमा मात्र नभई राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरसंग साझेदारी कार्यक्रमहरु सञ्चालन गरेको छ । दमौलीको दीगो र दीर्घकालिन विकास, अनि शहरमा व्याप्त गरिबी न्यूनीकरणका क्षेत्रमा व्यास नगरपालिका सक्रिय रहदै आएको पनि छ । राष्ट्रिय राजनीतिको अस्त व्यस्तता र जनप्रतिनिधिहरुको लामो समयमको रिक्तता तथा जनप्रतिनिधि विहिनताको समयमा गरेको सार्वजनिक सेवाले नगरपालिकाको गरिमालाई उच्च बनाएको छ (नगर विकासः २०६७) । विकासको शुरुवात दोस्रो विश्वयुद्ध पछि शुरु भएको हो । विकास अवधारणा मात्र विकास निर्माण योजना मात्र नभएर, सामाजिक, सांस्कृतिकका साथै आर्थिक विकास महत्वपूर्ण हो । नेपालमा सन् २०१३ बाट पञ्चवर्षीय राष्ट्रिय योजना शुरुवात भएबाट आजसम्म आइपुग्दा नवौं पञ्चवर्षीय योजना २०५४ देखि २०५९ मा कृषि क्षेत्रको आर्थिक बृद्धि दरलाई तिब्र गरी रोजगारीका अवसरहरु बढाएर गरिबी घटाउने मूल उद्देश्य रहेको थियो । त्यस्तै दशौं पञ्चवर्षीय योजना २०५९ देखि २०६३ मा पनि कृषिमा बृद्धिका अतिरिक्त सहकारी तथा निजी क्षेत्रको समेत सहभागिता बृद्धि गर्ने उद्देश्य रहेको थियो भने २०६९ देखि २०७३ को तेह्रौं पञ्चवर्षीय योजनाको मुल उद्देश्य गरिबी न्युनिकरणमा सहयोग गरी गरिबी घटाउने नै हो । यसरी गरिबी हटाउनका लागि गरिएका सामाजि, आर्थिक विकासका योजनालाई नै विकास भनिन्छ (घिमिरेः २०६०) ।

यसरी गरिने सामाजिक, आर्थिक तथा सांस्कृतिक विकासलाई विकासको अवधारणा अनुसार समाजमा गरिने भौतिक विकासका अलवा सामाजिक क्षेत्रको विकास नै वास्तवमा

विकास हो । विकास अवधारणालाई विकेन्द्रीकरणको माध्यमबाट बढीभन्दा बढी जनसहभागिता जुटाई विकास गर्न सकिन्छ ।  केन्द्रको अधिकार स्थानीय तहमा हस्तान्तरण गरी विकेन्द्रीकरण गरिदैंन तबसम्म गरिबी घटाउन सकिंदैन । तसर्थ विकासको अवधारणालाई सार्थक तुल्याउन केन्द्रबाट अधिकार निक्षेप गरी स्थानीयस्तरका जनताबाट जनसभागिता जुटाई गरिने विकास नै दीगो हुने हुंदा जसका लागि विकास गर्न खोजिएको हो उसैको सहभागिता भए मात्र यो विकास हाम्रो हो र हाम्रा लागि गर्न खोजिएको हो भन्ने धारणाको विकास भई त्यस योजनप्रति अपनत्व रहन्छ । यही अवधारणा अनुरुप टोल विकास संस्था गठन भई स्थानीय जनताले जनताका लागि जनता नै अग्रसर भई विकास कार्यक्रम गर्ने संस्था नै टोल विकास संस्था हो । स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय निकाय जसमा नगरपालिकालाई अधिकार हस्तान्तरण गरी विकेन्द्रीकरणको माध्यमबाट उनीहरुलाई स्थानीय तहको समेत जनसहभागिता जुटाई विकास गर्नका लागि टोल विकास संस्था गठन गरी सोही अनुरुप विकासको गति अगाडि बढाइएको छ । स्थानीयस्तरमा टोल विकास संस्थाहरु गठन गरी टोल सदस्य कै निर्णय अनुसार उनीहरुकै सकियतामा विकेन्द्रीकरणको मर्म र भावना अनुरुप जनसहभागिता जुटाई नगरपालिकाको सहयोगमा विकास गतिविधि गर्दै आएका छन् । यस अवधारणा अनुरुप विकासका कियाकलाप संचालनले स्थानीय स्तरका नागरिक स्वचालित हुनुका साथै दीगो विकास भई गरिबी न्युनिकरणमा सहयोग पुगेको छ (गुरुङः २०६९) ।

व्यास नगरपालिकाले सन् १९९८ जुन २९ गते गाँउनगर साझेदारी विकास कार्यक्रम (RUPP) केन्द्रसंग सम्झौता गरी सोही कार्यक्रमको लक्ष्यअनुरुप स्थानीय जनसमुदायलाई सशक्त समाज निर्माणमा सहभागी गराएको छ । संयुक्त राष्ट्र संघको विषेश कार्यक्रमका रुपमा आरम्भ भएको यो गाँउनगर साझेदारी विकास कार्यक्रम अहिले नगरपालिकाको एक महत्वपूर्ण शाखा बन्न सफल भएको छ । कार्यक्रम संचालनको शुरुको ५ बर्ष पछि संयुक्त राष्ट्र संघको आर्थिक तथा प्राविधिक सहयोग विना नै व्यास नगरपालकामा यो कार्यक्रम दीगो रुपमा संचालन हुंदै आएको छ । यस कार्यक्रमले स्थानीयस्तरमा टोल विकास संस्थाको गठन गरेको छ । टोल विकास संस्थाका सदस्यले आफ्नो टोलका सबै जातजाति, धर्म र संस्कारका व्यक्तिहरुलाई एकतृत गरी विकासमा लगाउने टोल विकास संस्थालाई स्वस्थ र गतिशील संस्था मान्न सकिन्छ (घिमिरेः गा.न.सा.वि.का., प्रस्तुत कार्यपत्र, २०६०) ।

बढ्दो शहरी गरिबी न्यूनीकरण र शहरी सुशासन विकासका लागि व्यास नगरपालिकाले स्थानीय जनसमुदायलाई सशक्त रुपमा अगाडि बढाउने लक्ष्य लिएको छ । टोल विकास संस्थाले स्वास्थ्य, सचेतना, शिक्षाको विकास, सडक निमार्ण तथा मर्मत, सडकबत्ती मर्मत, खानेपानीको समस्या समाधान, ढल निर्माण, घाट व्यवस्थापन जस्ता काम स्थानीय समुदाय परिचालनबाट भौतिक निमार्णतर्फ गरेकाछन् भने आफ्नो समुदायका वा टोल विकास संस्थाका सदस्यहरुको आय आम्दानी बृद्धिका लागि टोल बचत, नेतृत्व विकास तालिम, उद्यम व्यवस्थापन तालिम लगायत व्यवसाय गर्न उत्प्रेरित गरी व्यास नगरपालिका साझेदारी शाखाबाट ऋण माग गरी आय आम्दानी बढाएका पनि छन् । समग्र रुपमा टोल विकास संस्थाले पिछडिएका वर्ग, समुदाय, लिङ्ग, जातजातिका व्यक्तिहरुलाई अगाडि बढाउने जस्तो प्रशंसनीय कार्य गरेको छ । खास गरी विभेदको अन्त्य टोल विकास संस्थाको सबल पक्ष हो । यही टोल विकासमार्फत नगरपालिकाले उद्यम विकासका लागि ऋण प्रवाह, सीप विकास, नेतृत्व विकास सम्बन्धी तालिम दिएर गरिब परिबारको जीवनस्तरमा परिर्वतन ल्याउन सहयोग गरेको छ । समाजका व्यक्तिहरुमा बोल्ने कलाको विकास गराउने, आफ्नो कुरा खुलेर राख्न सक्ने, आपसी सहयोग र सद्भावले कार्य गर्ने वातावरणको सृजना गराउने, आपसी छलफलबाट सामुहिक रुपमा समस्या समाधान गराउने, आफ्नो टोल विकासका लागि सम्बन्धित निकायमा कुरा राख्ने जस्ता महत्तपूर्ण दक्षताको विकास टोल विकास संस्थाले गर्ने हुँदा यस संस्थालाई समयको माग भन्न सकिन्छ । व्यास नगरपालिका गाँउनगर साझेदारी शाखाले सामाजिक परिचालनमार्फत शहरी सुशासन र गरिबी न्यूनीकरणका लागि प्रत्येक घरधुरी समेटिने गरी टोल विकास संस्थाको गठन सफलतापूर्वक गरेको छ । गठित टोल विकास संस्थाले आ–आफ्ना टोल विकासका लागि स्थानीय तहमा स्वावलम्बनका कामहरु शुरु गरिसकेका छन् । केन्द्रीय शासन प्रणालीको निर्देशनमा काम गर्नुपर्ने राष्ट्रिय नीति भएपनि यस नगरपालिकाले जनसामु जवाफदेही र पारदर्शी बन्ने प्रयाश गरेको छ । स्थानीय विकासमा स्थानीय जनसमुदाय परिचालन गराउने जिम्मेवारी पूर्णतः निभाउन नसकिने गुनासो व्यास नगरपालिकाका प्रतिनिधि र कार्यालयका शाखाका कर्मचारीहरु बताउनुहुन्छ ।

विकासका लागि सरकारको मुखमात्र नताकी स्थानीय स्तरबाट पनि पहल गरिनुपर्ने वर्तमान आवश्यकतालाई व्यास नगरपालिका गाँउनगर साझेदारी विकास कार्यक्रमको सक्रियतामा गठित टोल विकास संस्थाले आंशिक रुपमा पुरा गराउन खोजेको छ, तर

विकास हामी आफ्नै हो, त्यसैले सबै मिली गर्नुपर्दछ भन्ने साझा भावनाको कमिले यो संस्थाको गति चाहे जति अगाडि बढ्न सकेको छैन । यस्तो विषम परिस्थितिमा स्थानीय संघसंस्था र स्थानीय निकायहरुलाई विना अवरोध काम गर्न दिनुपर्दछ । उनीहरुको काम हेरी खवरदारी र सुझाव दिनु स्थानीय वासिन्दाको कर्तव्य र अधिकार हो । यो अधिकारको सुनिश्चितताका लागि टोल विकास संस्थाले पनि आफ्नो क्षेत्रबाट सक्दो सहयोग गरेको छ । यस्तो सामुदायिक संस्थाको स्थायित्व अपरिहार्य छ ।

## १.२ समस्याको पहिचान

नेपालको गरिबी न्यूनिकरणका लागि नेपाल सरकार लगायत विभिन्न दातृराष्ट्रहरु पनि गरिबी घटाउनका लागि सहयोग गरिरहेका छन्, तर पनि नेपालको गरिबीले नराम्रो सँग जरोगाडेको छ । समुदायमा रहेका गरीब अशिक्षित जनताहरुलाई विकासको मुलधारमा ल्याउन सकिएन भने सोचे जस्तै उचित व्यवस्थापन नहुनाले प्रत्यक्ष रूपमा सामाजिक वातावरणमा असर पर्दछ । जबसम्म गरिबीको रेखामा परेका समुदायलाई सामाजिक परिचालनको माध्ययमबाट उनीहरुलाई शसक्त बनाइदैन तबसम्म शहरी गरिबी न्यूनीकरण हुन सक्दैन । ग्रामिण जनजीवनको गरिबी र शहरी गरिबी बीचको भिन्नता व्यापक छ । नगर क्षेत्र वा शहरी क्षेत्रमा रोजगार प्राप्त गर्ने उद्देश्यले ग्रामिण क्षेत्रबाट मानिसको बसाई सराई, अस्थाई बसोबासको कम दिनानुदिन बृद्धि हुंदै गएको अवस्थामा शहरी क्षेत्रमा उचित किसिमको रोजगारी सृर्जना गर्नुपर्ने पनि त्यतिकै आवश्यकता देखी व्यास नगरपालिकाले प्रत्येक वडामा टोल विकास संस्था गठन गरी पिछडिएका समुदायहरुलाई क्रियाशील गराएको छ ।  नगरपालिकाले टोल विकास संस्थाको माध्ययमद्वारा शहरी सुशासनको रणनीतिलाई प्रभावकारी गराउन कार्यक्रम संगै नगरपालिका र टोल विकास संस्था सक्रिय रुपमा लागेको छ । यति हुंदाहुंदै पनि टोल विकास संस्थााको गठनदेखि कार्यक्रम कार्यन्वयनका सर्न्दभमा देखा परेका समस्याहरु पहिचान, टोल विकास संस्थाको उद्देश्य, लक्ष्य, नीति अनुरुपको कार्य विश्लेषण र दमौलीमा व्याप्त शहरी गरिबी न्यूनीकरणमा टोल विकास संसथाले गरेका पहलहरु र यस संस्थाका विद्यमान चुनौतिहरुको विश्लेषण यस अनुसन्धानमा गरिएको छ । साथै आजको विषम परिवेशमा टोल विकास संस्थाको अपरिहार्यतालाई मध्यनजर गर्दै निम्न प्रश्नको उत्तर आउने गरी समस्या पहिचान गरिएको छ ।

- टोल विकास संस्थाको आवश्यकता किन ?
- गरिबी न्यूनीकरणमा यस संस्थाले कसरी सहयोग गरी परिर्वतन गरेको छ ?
- शहरी सुशासनमा टोल विकास संस्थाका कस्तो भूमिका रहन्छ ?
- टोल विकास संस्थाका चुनौतिहरु के के छन् ?
- टोल विकास संस्थालाई अझ प्रभावकारी ढंगले अगाडि के र कस्ता कार्यक्रम संचालन गर्न सकिन्छ ?

यिनै जिज्ञासाको समाधानका रुपमा यस अध्ययनलाई हेर्न सकिन्छ । अझ शहरी क्षेत्रमा सुकुम्बासी समस्या पनि त्यतिकै बिकराल अवस्थामा रहेको छ । यस नगरपालिकाको सन्दर्भलाई हेर्ने हो भने नगरको शहरी वडाको वडा नं. १० मा १५० भन्दा बढि घरधुरी सुकुम्बासीका रुपमा बसोबास गरेका छन् । उनीहरुको मुख्य पेशा गिटी कुट्ने र ढलानमा काम गर्ने रहेको अवस्था छ । यस वडा नं. १० का ८ वटा टोल विकास संस्थाहरुमध्ये बुद्धपार्क टोल विकास संस्थाको ६३ घरधुरीको एक बृहत् अध्ययन अनुसन्धान यस शोधपत्रमा गरिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

व्यास नगरपालिका टोल विकास संस्थाको गठन, कार्यविधि र यस संस्थाको आवश्यकताका बारेमा अध्ययन विश्लेषण गर्नु, वडा नं. १० मा गठन गरिएका टोल विकास संस्थाले गरिबी न्यूनीकरणमा कस्तो भुमिका रहेको छ । टोल विकास संस्थाले गरिबी न्यूनीकरणका सन्दर्भमा के कस्ता समस्या, चुनौति र सम्भावनाहरू रहेका छन्, त्यसलाई विश्लेषण गर्दै गरिबी न्यूनिकरणमा ल्याएको प्रभावको अवस्था के छ भनी अध्ययन गरिएको छ । कुनै पनि अध्ययन अनुसन्धानका विभिन्न उद्देश्यहरु रहेका हुन्छन् । यसै गरी यस अध्ययनमा पनि निम्न उद्देश्यहरु रहेका छन्:

१. टोल विकास संस्थाका सदस्यहरुको गरिबी न्यूनीकरणमा ल्याएको प्रभावको अध्ययन गर्नु,

२. गरिबी न्यूनीकरणमा देखिएका समस्या र चुनौति खोजी गर्नु,

३. टोल विकास संस्थाद्वारा गरिबी न्यूनीकरणलाई कसरी प्रभावकारी रुपमा लैजान सकिन्छ भन्ने जानकारी प्राप्त गर्नु ।

## १.४ अध्ययनको महत्व

यो अध्ययन व्यास नगरपालिका वडा नं. १० मा गठन भएका टोल विकास संस्थाहरुको अवस्था, टोल विकास संस्थाहरुले नगरपालिकामा पुर्‍याएको सहयोगका बारे जानकारी पाउन सकिने छ । नगरमा हाल बृद्धि दरमा रहेको शहरी वस्ती र शहरी गरिबीका सवालमा टोल विकास संस्थाहरुले गर्ने भुमिकाका बारे एक समाजशास्त्रीय अध्ययन गरिएको छ । यस अध्ययनले समग्र नगरको विकास निर्माणमा काम गर्ने नीति निर्माताहरुलाई समेत दिशानिर्देश गर्नेछ । वर्तमान समयमा कुनैपनि वडा, नगर, जिल्ला तथा सिङगै देश निर्माण स्वयं स्थानीय नागरिकको नै गहन भूमिका हुने हुँदा टोल विकास संस्थाले आफनो टोल वस्तीमा गरेका कार्यहरुको विवरण प्राप्त गर्न सक्नेछन् । यस्ता प्राप्त विवरणका आधारमा अझ टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा टोलटोलमा विकास निर्माण लगायत कार्यक्रम संचालन गर्ने ठोस नीति निर्माण गर्न सहयोग हुनेछ ।

यस अध्ययनमा गरिबी न्यूनिकरणमा टोल विकास संस्थाले पारेको प्रभावबारे अन्य अध्ययन कर्ताहरुलाई जानकारी गराउनेछ । व्यास नगरपालिका-१० का टोल विकास संस्थाहरुले गरिवी न्यूनिकरणमा ल्याएको प्रभावको अध्ययन गर्न चाहने व्यक्ति, संघ, संस्था लगायतलाई यो शोधपत्र उपयोगि हुनेछ भने विकास प्रेमीहरुलाई नीति निर्माण गर्न समेत यस शोधपत्र पूर्ण उपयोगि हुने भएकोले पनि यस अध्ययन महत्वपूर्ण रहेको छ ।

त्यसैगरी संरचनागत प्रकार्यात्मक ढाँचा अन्तर्गत रहेर समाजलाई एउटा संरचना मानेर यस भित्र रहेका परिवार, व्यक्ति एवम् समाजसँग आवद्ध हरेक अंगलाई एकाइ र उपभोग मानेर टोलका कियाकलापहरुको व्यवस्थापन प्रकृयालाई यसले कस्तो प्रकारले प्रभाव पार्दछ भन्ने जानकारी पाउन सकिने छ । यस अध्ययनले विगत र वर्तमान अवस्थाको बारेमा गरिएको अध्ययनले बिचको अर्न्तर सम्बन्धको बारेमा जानकारी पाउन सकिने कारणले पनि यसको अझ बढि महत्व रहेको छ । यस अध्ययन पछि यसै सम्बन्धि अध्ययन गर्न चाहानेहरुका लागि यो अध्ययन स्रोतको रुपमा प्रयोग गर्न सकिने भएकाले पनि यस अध्ययनले महत्व पूर्ण भूमिका खेल्ने छ ।

## १.५ अवधारणाको परिभाषा

यस अध्ययनमा व्यास नगरपालिका गाँउनगर साझेदारी शाखा अर्न्तगत गठन भएका टोल विकास संस्था, शहरी गरिबी न्यूनीकरणजस्ता महत्वपूर्ण अवधारणको व्याख्या निम्न अनुसार गरिएको छ ।

### १.५.१ स्थानीय निकाय

स्थानीय स्वायत्त शासन २०५५ अनुसार गठन भएका स्थानीय तहका निकायलाई स्थानीय निकाय भनिन्छ । व्यास नगरपालिका पनि स्थानीय तहमा काम गर्ने स्वायत्त निकाय भएका कारण यस अध्ययनमा व्यास नगरपालिकालाई स्थानीय निकायका रुपमा विश्लेषण गरिएको छ ।

### १.५.२ गरिबी न्यूनीकरण

गरीब तथा पिछडिएको वर्गलाई सीप, क्षमता र नागरिक हकको सुनिश्चिता र विकास गरी उनीहरुमा स्वावलम्बन, आत्मर्निभर भई व्यक्तिगत क्षमतामा अभिबृद्धि गराउनु नै गरिबी न्यूनीकरण हो ।

### १.५.३ टोल विकास संस्था

नगरका वडाहरुमा स्थानीय तहमा निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने समूहलाई आवद्ध गरी एक घर एक सदस्य नीति अनुरुप स्थानीय तहमा गठन भएको सामूदायिक संस्थालाई टोल विकास संस्था भनिन्छ ।

### १.५.४ उद्यम विकास

गरिबी न्यूनीकरणमा विशेष जोड दिई जनतालाई आत्मर्निभर तथा सक्षम बनाउने उद्देश्यका साथ टोल विकास संस्थामार्फत प्रस्ताव भई आएका आयआर्जनमूलक व्यवसायहरुलाई लघु उद्यम विकास भनिन्छ ।

### १.५.५ ऋण पूँजी

टोल विकास संस्थामा आवद्ध तर न्युन आय भएका व्यक्तिहरुले थोरै पूँजीमा आयआर्जनमूलक काम गर्न चाहेमा त्यस्ता व्यक्तिहरुलाई साझेदारी विकास कोष मार्फत ऋण प्रदान गर्ने गरेको छ । आयमूलक क्रियाकलाप सञ्चालन गर्न तोकिएको अवधिका लागि तोकिएको दरमा ब्याज लिने गरी ऋण दिने रकमलाई ऋण पूँजी भनिएको छ ।

### १.५.६ बीउ पूँजी अनुदान

टोल विकास संस्थामा ससाना विकास निर्माणका लागि प्रदान गरिने अनुदान रकमलाई बीउ पूँजी भनिन्छ । यसबाट टोलको सामाजिक तथा आर्थिक पूर्वाधार विकासमा टेवा पुग्छ ।

### १.५.७ बचत संकलन र परिचालन

टोल विकास संस्थामा आवद्ध भएका घरधुरीका सदस्यहरुले नियमित रुपमा टोल स्तरमा पूँजी संकलन गर्ने उद्देश्यले गरिएको रकमलाई बचत संकलन भनिन्छ । त्यस्तै उक्त बचत रकमलाई टोलस्तरमानै निश्चित व्याजदरमा सदस्यहरुलाई व्यवसाय संचालन गर्न गर्ने लगानीलाई परिचालन भनिन्छ ।

### १.५.८ स्वरोजगार

कुनैपनि व्यक्तिमा निहित सीप वा क्षमताको आधारमा स्वतन्त्ररुपले स्वयं आफू आत्मनिर्भर भई काम गर्न सक्ने क्षमता भई गरेको कार्यलाई स्वरोजगार भनिन्छ । जसले आफ्नो दैनिक खर्च टार्न सक्दछ ।

## १.६ अध्ययनको क्षेत्र र सीमा

व्यास नगपालिका गाँउनगर साझेदारी शाखाले व्यास नगरपालिकाका ११ वटा लगायत नगरका आसपासका जामुने, क्यामिन, केशवटार र श्यम्घा गाँउ विकास समिति अर्न्तगतका केही वडाहरुमा पनि ग्रामिण बजार केन्द्र स्थापना गरी टोल विकास संस्था गठन गरी साझेदारी अर्न्तगत गरिबी न्यूनीकरणका कामहरु गरेको छ । तर यस अध्ययनमा समय अभावका कारण नगरका सबै वडाहरुमा अध्ययन गर्न सकिएको छैन । त्यस्तै यस अध्ययनले समग्रतामा सबै नगरमा संचालीत कार्यक्रम संग समानान्तर रुपमा मिल्छ भन्न सकिदैन किनभने यस अध्ययनका आफ्नै समस्य र सिमाहरु रहेका छन् । व्यापक र विस्तृत रुपमा कार्यक्षेत्र विस्तार गरी शहरी सुशासन र गरिबी न्यूनीकरणकमा लागेको व्यास नगरको गाँउनगर साझेदारी शाखाको समग्र पक्ष यस अध्ययनमा समेट्न नसकिने भएको हुँदा देहायको सीमा भित्र रही अध्ययन गरिएको छ ।

क) व्यास वडा नं.१० मा गठित टोल विकास संस्थाहरु यस अध्ययनको सीमा भित्र परेकाछन् ।

- पुलचोक टोल विकास संस्था,
- शान्तिनगर टोल विकास संस्था,
- निमचोक टोल विकास संस्था,
- महर्षि टोल विकास संस्था,
- देउरालीनगर टोल विकास संस्था र
- बुद्धपार्क टोल विकास संस्था
- सृजना मार्ग टोल विकास संस्था
- पराशर टोल विकास संस्था

ख) व्यास १० मा गठन भएका टोल विकास संस्थाहरुको बचत, ऋण र उद्यमशीलतालाई अध्ययनमा समावेश गरिएको छ ।

ग) व्यास १० का टोल विकास संस्थाहरुले गरिबी न्यूनिकरणमा पुर्‍याएको योगदानको विश्लेषण गरिएको छ ।

घ) बुद्धपार्क टोल विकास संस्थाको ६३ घरधुरी स्थलगत घरधुरी सर्भेक्षण गरी case study तयार पारिएको छ ।

यस अध्ययनले खासगरी टोल विकासबाट शहरी सुशासन र गरिबी न्यूनीकरणका लागि गरिएका कार्यहरुलाई विश्लेषण गरिएको छ । संस्थाले गरेका सम्पूर्ण कार्यलाई हेर्दा यो संस्थालाई अपरिहार्य संस्था मान्न सकिन्छ । त्यसैले संस्थाको स्थायीत्वका लागि सबै पक्षले साथ दिनु नितान्त आवश्यकता छ । व्यास नगरपालिकाका ११ वटै वडाहरुमा १४६ टोल विकास संस्थाहरु गठन भएका छन् । अध्ययनमा छनौटका लागि वडा नं. १० मा गठन भएका टोलहरुको कार्यलाई आधार मानिएको छ । यस वडा छनौट गर्नुको कारण नगरपालिकाको मुख्य शहरी वडा भित्र पर्ने त्यस्तै त्यस वडामा सुकुम्बासी वस्ती भएका कारण गरिबीको संख्या बढी भएका कारण पनि यस अध्ययनमा यस वडा छनौटमा परेका छ । यस अध्ययनमा छनौट भएका टोलहरुलाई निम्न तालिकाले प्रष्ट पारेको छः

**तालिका न. १**

वडा न. १० अर्न्तगत रहेका टोल विकास संस्थामा रहेका घरधुरी र जनसंख्या विवरण

| टोल विकास संस्था | जम्मा घरधुरी | जनसंख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| बृद्धपार्क टोल | ६३ | १३७ | ११५ | २५२ | * |
| पुलचोक टोल | ६५ | १७८ | १४७ | ३२५ | |
| शान्तिनगर टोल | ६४ | १४२ | १४६ | २८८ | |
| श्रृजनामार्ग टोल | ६९ | १९७ | १४८ | ३४५ | |
| पराशर टोल | ७९ | १८२ | १८० | ३६२ | |
| निमचोक टोल | ७७ | २४३ | १५८ | ४०१ | |
| महर्षि टोल | ८४ | १९६ | १८२ | ३७८ | |
| देउरालीनगर टोल | १२४ | २६७ | २५५ | ५२२ | |
| **जम्मा घरधुरी** | **६२५** | **१५४२** | **१३३१** | **२८७३** | |

*Case Study भएको टो.वि.सं. स्रोत : स्थलगत सर्वेक्षण (२०७०।५।१२)

टोल विकास संस्थाहरुले स्थानीयस्तरमा गरेको शहरी सुशासन, गरिबी निवारण वाहेक विकास निर्माणका अन्य कार्यहरु पनि गरेका छन् । तर यस अध्ययनमा टोल विकास संस्थाले गरिबी न्यूनीकरणका ल्याएको प्रभाव टोल विकास संस्थाको विद्यमान चुनौतिलाई प्रमुख विषय बनाई अनुसन्धान गरिएको छ ।

## १.७ अध्ययनको संगठन

यस अध्ययन तनहूँ जिल्लाको सदरमुकाममा रहेको व्यास नगरपालिका वडा न. १० मा गठन भएका टोल विकास संस्थाहरुले गरिबी न्युनिकरणमा ल्याएको प्रभावको अध्ययन अनुसन्धान गरी प्राप्त सूचना तथा तथ्याङ्कहरुलाई विश्लेषण गरिएको छ । यस अध्ययनमा व्यास नगरपालिकाको परिचय, समस्यको पहिचान, अध्ययनको महत्व लगायत यसको उद्देश्य प्रथम परिच्छेदमा समावेश गरिएको छ । त्यस्तै देस्रो परिच्छेदमा साहित्यको समीक्षा अर्न्तगत सैद्धान्तिक समीक्षा साथै पूर्व अध्ययनको समीक्षा रहेको छ । परिच्छेद तीनमा

अनुसन्धान विधि र प्रविधि अर्न्तगत अनुसन्धानका ढाँचा, नमूना छनौट र प्राथममिक तथ्याङ्क संकलन विधि र यसको विश्लेषण समावेस गरिएको छ भने परिच्छेद चारमा गरिबी न्युनिकरणका सर्न्दभमा व्यास नगरपालिकाको भूमिका रहेको छ । परिच्छेद पाँचमा टोल विकास संस्थाको संस्थागत कार्य, यसका मुलभूत मान्यताहरु यसको बिषेशताहरु लगायत चुनौतिहरु उल्लेख गरिएको छ । यसैगरी परिच्छेद छ मा वडा न. १० अर्न्तगतको बृद्धपार्क टोल विकास संस्थाहरुको परिचय, यसका गतिविधिहरु, गरिबी न्यूनिकरणमा आएको प्रभावलाई विभिन्न टेवलमार्फत पनि तथ्याङ्क  समावेश गरिएको छ भने सातौ परिच्छेदमा अध्ययनको सारांश, निष्कर्ष र सुझावहरु समेटिएको छ । त्यसैगरी अध्ययनको क्रममा स्थलगत रुपमा प्राप्त वित्तचित्रहरु समेत समावेस गरी टोल विकास संस्थाले गरिबी न्युनिकरणमा ल्याएको प्रभावको अध्ययन गरिएको छ ।

व्यास नगरपालिकाका टोल विकास संस्थाहरुले शहरी गरिबी न्युनिकरणमा ल्याएको प्रभावको अध्ययन यस शोधपत्रमा परिच्छेद एकदेखि परिच्छेद सातसम्म गरी कुल सात भागमा वर्गीकरण गरी राखिएको छ । जसमा प्रश्नावली निर्माण गरी तथ्याङ्क संकलन गर्ने कार्य भएको छ । यसरी स्थलगत रुपमा संकलित प्राथमिक एवं द्वितीय तथ्याङ्कलाई विश्लेषण गर्ने कार्य समेत गरिएको छ । अध्ययनमा देखिएका समस्या, चुनौतिहरुलाई समेत अध्ययनको अन्त्यमा अध्ययनको सारांश, अध्ययनको निष्कर्षका साथै अन्य टोल विकास संस्थाको अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई सुझावहरु समेत उल्लेख गर्ने जमर्को गरिएको छ ।

# परिच्छेद दुई

# अवधारणा र साहित्य समीक्षा

## २.१ अवधारणा

स्थानीय तहका स्थानीय निकायलाई राज्यका लागि सबै आवश्यक अधिकार प्रदान गराउने संयन्त्रलाई विकेन्द्रीकरण भनिन्छ । विकेन्द्रीकरण प्रजातान्त्रिक शासन पद्धतिको महत्वपूर्ण आधारशीला हो । नीति निमार्ण तहमा जनताको सशक्त भुमिका रहनुपर्छ भन्ने मान्यताको व्यवहारिक पुष्टि विकेन्द्रीकरण अवलम्बन गरेको शासन व्यवस्थामा मात्र गर्न सकिन्छ (घिमिरेः २०६०) । त्यसैले राज्य संचालन शक्ति बांडफांड, शक्ति हस्तान्तरण र प्रत्यायोजन विकेन्द्रीकरणका मुलभूत सिद्धान्त मानिएका छन् । विकेन्द्रीकरणले अधिकार प्रत्यायोजन, कार्यालयहरुको बिस्तार वा छनौटको सिद्धान्तको सट्टा निक्षेपणलाई बढी जोड दिएको पाइन्छ । निक्षेपण अन्तर्गत निर्वाचित स्थानीय निकायहरुलाई संसदद्वारा निर्मित कानूनको माध्यमद्वारा अधिकार तथा जिम्मेवारीहरुको हस्तान्तरण गरिन्छ । यस प्रकारको विकेन्द्रीकरण परिपुरकताको सिद्धान्तमा आधारित छ । यस्तो सिद्धान्त अनुसार दक्षता र प्रभावकारिता कायम हुने गरी भएसम्म सरकारको सबैभन्दा तल्लो निकाय अर्थात् स्थानीय निकायद्वारा सेवाको प्रबन्ध, उत्पादन र प्रवाह गरिन्छ (स्था.वि.म., गा.न.सा.वि.का, २०६२) । सेवा प्रवाहको यही प्रकृया विकेन्द्रीकरणको पूर्वधार हो । स्थानीय विकास, स्थानीय श्रोत परिचालन, स्थानीय आवश्यकताको पहिचान र आवश्यकता परिपूर्तिमा स्थानीय नागरिकहरुलाई परिचालन गरिएको छ ।

स्थानीय निकायलाई सक्षम बनाउन स्थानीय श्रोत, साधन, अधिकार र जिम्मेवारी निक्षेपण गर्ने व्यवस्था विकेन्द्रीकरण गर्दछ । स्थानीय नागरिकहरुलाई जवाफदेहिता बहन गर्ने, जिम्मेवारी ग्रहण गर्न सक्षम बनाउने, प्रजातान्त्रिक प्रकियामा संलग्न गराउने जस्ता परिपाटिको विकास विकेन्द्रीकरणले गर्दछ । नेपालको हरेक क्षेत्र र स्थानमा बस्ने सबै जात वर्गका जनताहरुलाई अधिकार सम्पन्न गराउनु राज्यका लागि आवश्यक नीति निर्माणमा जनताको सशक्त भूमिकालाई स्वीकार गर्नु स्थानीय तहलाई बढी सक्षम, सबल र प्रभावकारी बनाउनु विकेन्द्रीकरणको प्रमुख अभिप्राय हो ।


विकेन्द्रीकरणका लागि नेपालमा विभिन्न समयमा विविध नीति, ऐन, नियमावली, आयोग निर्माण भएको पाईन्छ । "उच्चस्तरीय प्रशासन व्यवस्था ऐन २०२२, आयोग २०२०, विकेन्द्रीकरण समिति २०२४, प्रशासन सुधार आयोग २०२५, एक्काइस सदस्सीय विकेन्द्रीयकरण समिति २०२४, स्थानीय प्रशासन अध्यादेश २०२८, जिल्ला प्रशासन योजना २०३१, प्रशासन सुधार आयोगको प्रतिवेदन २०३२, एकीकृत पञ्चायत विकासको प्रारुप २०३५, छ सदस्सीय विकेन्द्रीकरण उप समिति २०३८, नेपाल अधिराज्यको संविधान २०४७, प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८, स्थानीय विकास समबन्धि ऐनहरु १०४८, विकेन्द्रीकरण कार्ययोजना २०५२, विकेन्द्रकिरण तथा स्थानीय स्वायत्त शासन सम्बन्धि प्रतिबेदन २०५३ र स्थानीय स्वायत्त शासन ऐन २०५५ नेपालमा विकेद्रीकरणका लागि गरिएका प्रयास र कार्यहरु हुन् (ज्ञवाली (सं), २०६० असार:२३) ।" स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गाविस, नपा र जिविस सम्बन्धि सम्पूर्ण व्यवस्था एउटै ऐनमा गरेको छ । यसले शासन पद्धतिको स्वाधिनतामा विषेश जोड दिएको हुन्छ । यही स्वाधिनतालाई प्रमुख आधार मानेर टोल विकास संस्थाको गठन गरिएका छन् ।

## २.१.१ सुशासन प्रवर्द्धन

"शासन भनेको निर्णय लिने र त्यसलाई कार्यान्वयन गर्जे प्रकृया हो । असल शासन भनेको जनईच्छा, चाहाना आवश्यकता र आकांक्षामा आधारित योजना बनाउने, त्यसलाई कार्यान्वयन गर्ने, नियम र प्रकृयालाई सुधार गर्दै लैजाने प्रकृया हो (दाहाल: २०६४) ।" प्रसिद्ध समाजशास्त्री लर्ड ब्रयासले स्थानीय स्वशासनलाई प्रजातान्त्रिक प्रशिक्षणको आधार भनी व्याख्या गरेका छन् । "सहमति उन्मुखता, सहभागितामूलक, कानुनी शासन, प्रभावकारी र सक्षम, समतमुखी र समावेशी, पारदर्शी, उत्तरदायी र जवाफदेही असल शासनका विशेषताहरु हुन् (ऐ: २५) ।" जसलाई निम्न चित्रद्वारा प्रष्ट पार्न सकिन्छ ।

**चित्र  नं.२.१**

**असल शासनका विशेषताहरु**




(स्रोत युएनडिपि: १९८९)

माथि उल्लेखित बिशेषताले सुशासनलाई चिनाउछ । प्रजातान्त्रिक आधार पनि सुशासन हो, जनताको उच्चतम भलाई र कल्याणका लागि संचालन गरिने शासन  शैली नै शासन तथा सुशासन हो । यस्तो शासन व्यवस्थाले सबै नागरिकहरुलाई समान हक र अधिकार प्रदान गर्दछ । स्थानीय स्तरमा प्रभावकारी ढंगले सेवा सुविधा पुऱ्याउनु, मानव संसाधनको उचित  प्रयोग गर्नु, लैङ्गिक समानतामा जोड दिनु सामाजिक आर्थिक विकासका लागि स्थानीय श्रोत साधनको परिचालन गराउनु जस्ता कार्यलाई सुशासन भनिन्छ (गुरुङ :२०६४) ।”

शासकिय समन्वय ईकाइ, शासकीय सुधार कार्यक्रम अनुसार असल शासनका तत्वहरु कार्य सचालनप्रति उत्तरदायी, कार्यसंचालनमा पारदर्शिता, कार्य संचालनमा सहभागिता, कानूनको राज जवाफदेहिपन, सहमतिको धारणा, समानता, प्रविणता र मितव्ययिता, सदाचार, वस्तुतता, अन्दाज गर्न सकिने, विकेन्द्रीकरण, शक्तिको उचित प्रयोग, नेतृत्व, ईमान्दारिता, आत्मसुद्वी, अल्पसंख्यकको अधिकार र सूचनाको हक भनी व्याख्या विशलेषण गरेको छ ।

“स्थानीय निकायमा जनताको लागि सोच्ने, जवाफदेहिता बहन गर्नसक्ने, संस्थागत संयन्त्रको विकासमा जोड दिने, जनउत्तरदायी र पारदर्शी नागरिक समाज स्थापना गर्दै

प्रजातान्त्रिक प्रकृया अनुसारको कार्य गर्ने सेवामुखी संस्थाहरु पर्दछन (स्थानीय स्वायत्त शासन ऐन, २०५५) ।"

अधिकारमा आधारित सेवा प्रभावहमा टोल विकास संस्था तथा नागरिक समाजको भूमिका र दायित्व (१ दिवसीय अनुशिक्षण दिग्दर्शन) २०६२ ले विकेन्द्रीकरणको सिद्धान्तलाई जोड दिएको छ । विकेन्द्रीकरणको सिद्धान्त सम्भव भएसम्म सरकारको सबैभन्दा तल्लो निकाय अर्थात् स्थानीय निकायद्वारा सेवाको प्रबन्ध, उत्पादन र प्रवाह गरिने छ । यसले जनभावना अनुरुप कार्य गर्दछ र दीगो विकासमा जोड दिन्छ । साथै स्थानीय सहभागिताबाट दूलर्भ स्रोत साधनको अत्यायुक्त प्रयोग गर्न, सेवाको गुणस्तर अभिबृद्धि गर्न एवं सेवा प्रभावहमा पारदर्शीता अभिबृद्धि गराउन समेत सहयोग पुग्दछ । यही नीति अनुरुपको कार्य स्थानीय टोल विकास संस्थाले गर्दै आएको छ । संगठित समूह, सामाजिक परिचालन, समावेशीकरण र सशक्तिकरण मार्फत स्थानीय समस्याहरु पहिचान गरी समाधानमा सचेत हुनु, स्थानीय स्रोत र साधनको समुचित प्रयोग गरी उद्यमशीलताको विकासका साथै विभिन्न जनचेतना अभिबृद्धि गर्न विभिन्न कार्यक्रमको जनचेतना अभिबृद्धि गर्न टोल विकास संस्था सक्रिय रुपमा लागेको छ । टोल विकास संस्थाको यस्तै जनमुखी कार्यलाई वास्तवमा सुशासन भन्न सकिने अवधारणा व्यास नगरपालिका कार्यालय (व्यास नगर गतिविधि, २०६३) बाट प्रकाशित विभिन्न अंकहरुमा प्रकाशित गरिएको छ ।

### २.१.२ गरिबी न्यूनीकरण अवधारण

समाजशास्त्रीय कोलिन्स शब्दकोषमा जिविकोपार्जनका लागि पर्याप्त भौतिक र साँस्कृतिक श्रोतहरुको अभाव हुनु नै गरिबी हो भनी व्याख्या गरिएको छ । भारतीय अर्थशास्त्री डा.अमर्त्य सेनले साक्षरता, घुमफिर, लामो आयु, स्वास्थ्य जस्ता सामाजिक अवस्थाको अभावलाई गरिबी भनेका छन् । त्यस्तै गरि विश्व बैंकले गरिबीलाई जीवनयापनको लागि न्युनतम स्तर प्राप्त गर्ने क्षमताको अभावजन्य अवस्था भनी व्याख्या गरिएको छ । "गरिबी एउटा प्राविधिक अवस्था होइन, यो त समग्र राजनैतिक, सामाजिक एवं आर्थिक कार्यको परिणाम हो । यो जटिल सामजिक मनोविज्ञानको परिणति र निरन्तरता दुवै हो (घिमिरेः १९९९) ।" यसरी बाच्नका लागि आवश्यक न्युनतम साधन, श्रोत र अवस्थाको अपर्याप्तता नै गरिबी हो भन्ने पक्षको स्वीकार सबै क्षेत्रबाट भएको पाईन्छ ।

नेपालजस्ता विकासोन्मुख देशहरुमा परनिर्भरता, कमजोर उत्पादन प्रणाली, असन्तुलित आर्थिक नीति नै गरीबको चाप बढ्दै जानुको प्रमुख कारण हो भन्ने धारणा समाजशास्त्रीहरुको छ । “नेपालमा ४२ प्रतिशत जनता गरिबको रेखामुनी रहेकाछन् । जस अन्तर्गत ग्रामिण क्षेत्रमा ४४ प्रतिशत, शहरी क्षेत्रमा २३ प्रतिशत रहेकाछन् । यसमा पनि काठमाण्डौ उपत्यकामा ४ प्रतिशत र अन्य शहरी इलाकामा ३४ प्रतिशत रहेको छ । भौगोलिक रुपमा हेर्दा तराईमा ४२ प्रतिशत, पहाडमा ४१ प्रतिशत र उच्च पहाडी भागमा ५६ प्रतिशत रहेको छ (विश्व बैंक प्रतिवेदन १९९८) ।” “नेपालमा गरिएको जीवनस्तर सर्भेक्षण २०५८ अनुसार करीब ३१ प्रतिशत जनसंख्या गरीबको रेखामुनी बाँचेकाछन् । नेपालको कुल जनसंख्याको ४५ प्रतिशत जनसंख्या गरिब छन् भने अति गरिबको संख्या १७.१ प्रतिशत रहेको देखाइएको छ ।

स्रोतः (जीवनस्तर सर्भेक्षण प्रतिवेदन, १९९८)

त्यस्तै अक्सफोर्ड विश्व विद्यालयको गरिबी र मानव विकास तथ्यांक-२०११ अनुसार भने नेपालमा अझै ४४ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी बाँच्न बाध्य छन । शहरी गरिबीको प्रतिशत १० रहेको देखाइएको छ । काठमाडौंमा ३.३ र अन्य शहरी क्षेत्रमा १३ प्रतिशत रहेको छ । गरिबी न्यूनीकरण सम्बन्धी कार्यपत्रहरुमा बताए अनुसार गरिबीका साझा कारण निम्न भनी व्याख्या गरिएको छ ।

स्रोतः (नेपाल जीवनस्तर सर्वेक्षण २०६०-०६१)

- चल अचल सम्पत्तिमा कम पहुँच
- आयमा कमि
- गैर बैंकिङ् ऋण
- बेरोजगार
- श्रमको माग र आपूर्तिमा असन्तुलन
- दास, हलियाजस्ता सामन्ती प्रथाहरु
- सीप र स्रोतको कमि
- फितलो सरकारी नीति
- भौतिक, सामाजिक, मानवीय विकास कमि
- भौगोलिक अवस्था र दैवी प्रकोप

- कुरीती, अन्धपरम्परा
- जनसंख्यामा तिव्र बृद्धि

व्यास नगरपालिका साझेदारी विकास शाखासंग सम्बन्धित विभिन्न कार्यपत्रहरुमा गाँउनगर साझेदारी विकास कार्यक्रमले प्रस्तुत् भएअनुसार शहरी गरिबीहरुले जीवन लागत, सुरक्षा, लैगिक अवस्था, कानुनी अवस्था, वातावरण, सशक्तिकरण, जस्ता समस्याहरु झेल्नुपरेको छ । साथै यिनै कार्यपत्रहरुमा प्रस्तुत छ कि गरिबी न्यूनीकरणका लागि बजार व्यवस्था, उत्पादन व्यवस्था, सुचना तथा सञ्चारको पहुँच, उद्यम विकास, संस्थागत अन्तर सम्बन्ध, सामाजिक सम्बन्ध, समान र गुणस्तरीय सेवा प्रवाह जस्ता पक्षहरुमा जोड दिनु पर्दछ । गरिबीको साझा कारण आर्थिक अभाव, बेरोजगार, दास हलिया जस्ता प्रथाहरु, त्रुटिपूर्ण शिक्षा र सरकारी नीतिहरु पर्दछन् तसर्थ गरिबी न्यूनीकरणका लागि प्रथम त गरिबीको कारण पहिचान गरी सोही अनुरुपको आयमूलक कार्यमा जोड दिनुपर्ने तर्क डा. चन्द्रमणि अधिकारी “गरिबी न्यूनीकरण रणनीति” बिषयक कार्यपत्रमा उल्लेख गरिएको छ ।

स्रोतः (अधिकारी, कार्यपत्र २०६१)

यसरी हेर्दा के देखिन्छ भने विकासको बाधक गरिबी नै हो । विकासको उद्देश्यहरुमा गरिबीको अन्त्य गर्ने, उत्पादनशील रोजगारी उपलब्ध गराउने र सम्पूर्ण जनताका आधारभुत आवश्यकता पूरा गर्ने, समाजका सदस्यहरुका वैयक्तिक र संस्थागत क्षमतमालाई बढाउने र उपयूक्त सामाजिक जीवन तथा त्यसको अनुकुल हुने गरी भौतिक आधार तयार गर्ने विषयहरु समावेश हुन्छन् । त्यसले न्यायपूर्ण वितरण र जीवन निर्वाहको भौतिक स्तर मात्र होइन जीवनको गुणस्तरमा जोड दिन्छ । जबसम्म गरिबी न्यूनीकरण गर्न सकिदैन तबसम्म विकासको गति अगाडि बढ्न सक्दैन अर्थात सशक्तीकरण र गरिबी न्यूनीकरणलाई संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले मानव विकासको बहुआयामिक अवधारणका रुपमा लिएको छ । संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले सहश्राब्दी विकास लक्ष्य १९९० मा नेपालको गरिबी न्यूनीकरणका लागि निम्न लक्ष्यहरुको घोषणा गरेको थियो:

- अति गरिब तथा भोकको उन्मूलन
- प्राथमिक शिक्षालाई सर्वसुलभ
- लैङ्गिक समानता तथा महिला सशक्तिकरणको प्रवर्द्धन

- शिशु मृत्युदरमा न्यूनीकरण
- मातृ स्वास्थ्य सुधार
- एच.आई. भि.एड्स, मलेरिया जस्ता रोग नियन्त्रण
- वातावरणीय दिगोपनाको सुनिश्चिचता र संरक्षण
- विकासको लागि विश्व साझेदारीको विकास तथा प्रवर्द्धन

नेपालको सरकारी नीति तथा कार्यहरु गरिबी न्यूनीकरणमा केन्द्रित भएको पाइन्छ तर फितलो कार्यान्वयनका कारण नीति अनुसारका योजनाहरु लक्ष्यसम्म पुग्न सकेका छैनन् । त्यसैले शहरी गरिबीको अवस्थामा प्रयाप्त सुधार आएको पाईदैन । नेपालको नवौ विकास योजनाको प्रमुख एजेण्डा गरिबी न्यूनीकरण बनेको थियो । दशौ विकास योजना पनि सो लक्ष्यमा केन्द्रित छ तर नीति निर्माण भन्दा पनि त्यसको कार्यन्वयन पक्ष सवल नहुँदा गरिबीको अवस्थामा सुधार भएको छैन ।

## २.२ सैद्धान्तिक समीक्षा

स्थानीय स्वायत्त शासन भन्ने बित्तिकै शक्तिको विभाजन केन्द्रीय र सरकारको पदाधिकारी बिच हुन्छ भन्ने बुझिन्छ । आधारभुत बिषय जस्तै विदेश नीति मौद्रिक नीति, सुरक्षा ईत्यादीको निर्णय केन्द्रले दिन्छ भने सस्कृति, वातावरण, स्थानिय श्रोत परिचालन र व्यवस्थापन शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता बिषयहरुको निर्णय स्थानीय सरकारले दिन्छ । (घिमिरेः २०६०) । त्यसैले स्थानिय निकायलाई स्थानिय सरकार भनिन्छ । शक्ति श्रोत नीति निमार्ण र कार्यान्वयनको आधार हेर्दा नेपालमा स्थानीय निकाय स्थानीय सरकार बन्न सकेका छैन । केन्द्रीय निर्देश अनुसार स्थानीय कार्य सम्पादन गर्नुपर्ने हुँदा यस्तो समस्या आएको धारणा व्यास नगरपालिका प्रमुख बताउनु हुन्छ ।

“नेपालमा वि.स. २०१८ सालमा पहिलो पटक विकेन्द्रीकरणको मान्यतामा आधारीत स्थानिय निकायको माध्यद्धारा स्थानिय जनताको आर्थिक । सामाजिक तथा सास्कृतिक विकास गरि स्थानिय प्रशासनमा स्थानिय जनतालाई सरिक गराउन पँचायत ऐन २०१८, नगरपँचायत ऐन २०१९ तथा जिल्ला पँचायत ऐन २०१९ लागु गरिएको थियो (ज्ञवाली, २०६० असारः २३) ।” त्यस्तै राज्य व्यवस्थाको तल्लो तह देखि प्रजातान्त्रीक अभ्यास र

स्थानीय क्षेत्रको विकासको लागि वि.स. २०३९ सालमा विकेन्द्रीकरण ऐन जारी गरिएको थियो । जुनसुकै उद्देश्य र लक्ष्यका लागि यस ऐनलाई महत्वपुर्ण मानिएको छ । वि.स २०४६ सालको राजनैतिक परिर्वतन पश्चात् निर्मित नेपाल अधिराज्यको संविधान २०४७ ले राज्यको निर्देशक सिद्धान्तका रुपमा विकेन्द्रीकरणको माध्यमद्वारा जनतालाई अधिकार प्रदान गरेको छ । "स्थानिय निकायहरुलाई शक्ति हस्तान्तरणको लागि वि.स. २०४८ सालमा गाविस ऐन, नगरपालिका ऐन र जिल्ला विकास समिति ऐन समेत जारी गरेको छ तर पनि स्थानीय तहका काम भने निष्पक्ष, पारदर्शी र जवाफदेहि रुपमा भएको पाइदैन (ऐ) ।"

तत्पश्चात वि.स. २०५५ सालमा पूर्ववत् सबै स्थानीय ऐनहरु खारेज गरी स्थानीय स्वायत्त ऐन २०५५ आएको हो । यस ऐनले शासन पद्धतीमा स्थानीय निकायको स्वाधिनतालाई विशेष जोड दिएको छ । विकेन्द्रीकरण तथा अधिकार प्रत्यायोजन, सक्षम, स्वाभिमान स्थानीय शासनद्वारा स्थानीय क्षेत्रका दिगो विकास जस्ता लोकतान्त्रिक मान्यता यसमा रहेका छन । स्थानीय स्वायत्त शासन ऐन २०५५ मा स्थानीय निकायले विकास निमार्ण तथा मानव संसाधनका लागि सरकारी तथा गैह्रसरकारी विभिन्न संघ सस्थाहरुसँग समन्वय गरी कार्ययोजना निमार्ण गर्न पाउने व्यवस्था समेत गरिएको छ । त्यसै गरी व्यास नगरपालिकामा लागु भएको गाँउनगर साझेदारी विकास कार्यक्रम पनि सयुक्त राष्ट संघिय विकास कार्यक्रमको सहयोगबाट आरम्भ भएको स्वायत्त कार्यक्रम हो ।

यस कार्यक्रमले स्थानीय विकासमा स्थानीय नागरिकहरुको भुमिकामा बढी जोड दिएको छ । सुशासनको प्रर्वद्धन र गरिबी न्यूनिकरणका लागि स्थानीय स्तरमा विकेन्द्रीत सिद्धान्त अनुरुपकको काम यस कार्यक्रमले गदै आएको छ । टोल विकास सँस्थालाई विकेन्द्रीकरणको सिद्धान्त अनुरुप गठन भएका स्थानीय निकाय मानिन्छ । किनकि यी सँस्थाहरुले स्थानीय स्तरमा दिगो विकासको पहल गरेका छन । यसका लागि सबै जनतालाई नागरिक हक र अधिकार प्रदान गराउने प्रयास टोल विकास सँस्थाले गराउदै आएको छ । यसरी स्थानीय निकायको अध्ययन विकेन्द्रीकरणको सिद्धान्त भन्दा भिन्न राखेर गर्न सकिदैन । "स्थानीय स्वायत्त शासन ऐन २०५५ का २३४ देखि २३९ सम्मका दफाहरुले स्थानीय निकाय र केन्द्रीय सरकारको बिचको सम्बधलाई निरुपरण गरेको छ भने केन्द्रीय सरकारले उनीहरुलाई दफा २४३ ले व्यवस्था गरे अनुसारको अधिकार हस्तान्तरण गरेको छैन । नेपालको अन्तरिम संविधान २०६३को भाग २०१७ मा राज्यको ढाँचा र स्थानीय स्वायत्त शासनका बारेमा उल्लेख गरिएको छ (किलिड,२०५८: ३३) ।" संविधानमा भनिए अनुसार अधिकार निक्षेपण हुन भने अझै सकेको छैन । त्यसकारण स्थानीय निकायको कार्य छिटो छरितो हुन सकेको पाईदैन ।

### २.२.१ विकासको अवधारण

विकास एक निरन्तर प्रकृया हो । समय चकलाई हेर्ने हो भने विकास आदि मध्ये र अन्त्य छैन । समय अनुसार विकासको अवस्था, गति, संरचना, ढाँचा र मापदण्ड फरक होला तर विकास निरन्तर रुपमा नै भएको हुन्छ । विकासको अर्थ साक्षेप हुन्छ र यसलाई पूर्ण विराम पनि लगाउन सकिदैन । मानव समुदायमा भएका र हुदै आएका भौतिक परिर्वतनलाई मात्र आजको सन्दर्भमा विकास मान्न सकिदैन । विकासले भौतिक परिर्वतनको साथै समाजको सामाजिक आर्थिक, राजनैतिक, साँस्कृतिक, धार्मिक र व्यक्तिको व्यक्तिक अथवा मानव संसाधनमा भएका परिवर्तनहरुलाई दर्शाएको हुन्छ । "विकास एउटा आर्थिक, सामाजिक, राजनैतिक र साँकृतिक प्रकृया हो, जँहाबाट मानव आवश्यकताहरु आर्थिक तथा राजनैतिक माथि पँहुच बृद्धि गरी पूर्ति गर्न सकिन्छ (सहकार्यः २०६३) ।"

विकास सम्वन्धी रणनिति दोश्रो विश्व युद्ध पश्चात् तय भएको हो सन १९५०-१९६० को दशकमा विकासलाई आर्थिक वृद्धिका रुपमा बिश्लेषण गरिएको थियो । सन् १०७० सम्म विकासलाई जनताको पँहुचका आधारमा र १९९० पछि मानव विकासको अवस्थालाई विकासको प्रमुख सुचक मानेको पाइन्छ । राष्ट्रसंघीय विकास कार्यकमले १९९० मा मानव विकास प्रतिवेदन समेत तयार पारेको छ । "जनताको स्वास्थ्य दीर्घायू र रचनात्मक जीवन शैलीगत परिर्वतन नै विकास हो (युएनडिपि १९९५) ।" जुन समयमा जसले जे भने पनि विकासको गतिमा अवरोध सिर्जना गर्ने प्रमुख कारक तत्व विद्यमान गरिबीलाई मान्न सकिने अवधारण विश्वका मानवशास्त्रीहरुले व्यक्त गरेका छन् । पाश्चात्य विद्वान मिकाल टोडारोले विकासलाई सँस्थागत परिर्वतन र गरिबी न्यूनिकरण अनि आर्थिक बुद्धिका रुपमा प्रस्टायका छन । विकास सम्बन्धी यो मान्यताले सामानुपातिक विकासद्वारा गरिबी न्यूनीकरणलाई जोड दिएको छ । वर्तमान परिवेशमा विकासलाई गरिबी न्यूनीकरण, मानवअधिकारको प्रत्याभूति, भौतिक सामाजिक, सांस्कृतिक, राजनैतिक परिवर्तनको सापेक्षमा प्रष्ट पारेको पाइन्छ । सन् १९९० भन्दा अगाडि विकासलाई भौतिक परिवर्तन र आर्थिक अवस्थाको सुधारको दृष्टिकोणले हेरिदै आए पनि ९० को दशकमा विकासलाई मानवीय विकासको आधारमा व्याख्या गर्नेहरु धेरै छन् ।

## २.३ पूर्व अध्ययनको समीक्षा

"स्थानीय निकायहरुलाई विकेन्द्रकिरणको सिद्धान्तले अधिकार र जिम्मेवारीहरु हस्तान्तरण गर्नुका साथै दक्षता र प्रभावकारीता कायम हुने सम्भव भएसम्म सरकारको सबैभन्दा तल्लो निकायद्वारा नागरिक सेवाको प्रबन्ध मिलाएको हुन्छ । यस्तो सेवा लक्षित वर्गसम्म सहज रुपमा पुग्छ जब स्थानीय समुदाय स्थानीय विकासमा सक्रिय हुन्छन् (शहरको आवाजः २०६६) ।" सक्रिय, क्रियाशील, कर्तब्यनिष्ठ नागरिक समाज निर्माणमा राज्यका हरेक अङ्गहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ त्यसैले स्थानीय स्वायत्त शासन ऐनले गाँउ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिलाई स्थानीय निकायका रुपमा परिभाषित गरेको छ ।

"व्यास नगरपालिकामा गरिबी न्यूनीकरण गर्ने उद्देश्यले गाँउनगर साझेदारी शाखा मार्फत स्थानीय तहमा टोल विकास संस्था गठन भएका छन् । (नगर गतिविधिः २०७० ) ।" टोल विकास संस्थाको गठन र यसको विकास नगरमा सुशासन र गरिबी न्यूनीकरणका लागि भएको हो । टोल विकास संस्थाले स्थानीय वासिन्दाहरुलाई स्थानीय विकासमा सरोकार राख्नु नै नागरिक कर्तब्य हो भन्ने पाठ सिकाएको छ । टोल विकास संस्थाका लागि नागरिक समाजको महत्तपूर्ण भूमिका हुन्छ ।

*"घर परिवारभन्दा व्यापक तथा राज्य वा सरकारभन्दा अलग अस्तित्व भएका सामाजिक कार्यमा संलग्न, निस्वार्थ एवं स्वयंसेवी व्यक्तिहरुको समूह, समाजको मानवीय संवेदनशीलतासँग आवद्ध, सामाजिक जागरण र चेतनाको संवाहकको रुपमा क्रियाशील, समाजसेवाप्रति प्रतिवद्ध तथा पारस्पारिक समन्वय र एकतामा आधारित एवं सकार र बजार संयन्त्रभन्दा बाहिरको समूह वा आन्दोलन नै नागरिक समाज हो (स्थानीय विकास मन्त्रालय, गानसाविका: २०६२) ।"*

यो परिभाषा अनुसार नागरिक समाजभित्र देहाय अनुसारका संघ संस्था, निकाय तथा समूहहरु पर्दछन् (स्थानीय विकास मन्त्रालय, गानासाविकाः २०६२)

- टोल विकास संस्था
- पेशागत संघ संस्थाहरु
- जातिगत संस्थाहरु
- मानव अधिकारवादी संस्थाहरु
- धार्मिक, सहकारी, गैरसरकारी, मानव अधिकारवादी संघ संस्थाहरु
- सञ्चारमाध्यम
- आमा समूह, क्लबहरु
- उद्योग वाणिज्य संघ संस्थाहरु

"विकेन्द्रीकरण वडास्तरसम्म मात्र भएकोमा वडास्तरमा समेत अधिक घरधुरी तथा जनसंख्या भएकोले सम्पूर्ण वडावासीलाई विकास निर्माणको निर्णयस्तरमा ल्याउन असहज महसुहश गरी उक्त वडास्तरलाई अझ तल्लो निकाय वा नगरवासीको घरदैलोमा विकास

पुर्‍याउनका लागि टोल विकास संस्थाको गठन गरिएको हो (आलेप, व्या.न.पा. गतिविधिः २०६३) ।"

व्यास नगरपालिकाले विगत २०५५ शालमा गाँउनगर साझेदारी विकास कार्यक्रम सँग सम्झौता भए अनुरुप शहरी गरिबी न्यूनीकरण र दिगो विकासका लागि स्थानीय पक्षलाई क्रियाशील गरिनुपर्नेमा विषेश जोड दिदैं स्थानीय तहमा टोल विकास संस्थाको गठन प्रक्रिया अगाडि बढाएको हो । *"सामाजिक तथा आर्थिक विकासका लागि स्थानीय स्रोत र साधनको परचालनमा जोड दिने यस सहयोगी संस्थाको लक्षित वर्ग गरिब तथा न्यून आय भएका जनसमुदाय, जनजाती तथा पिछडिएका वर्गहरु पर्दछन् । टोल विकास संस्थाको माध्यमद्वारा शहरी क्षेत्रका गरिब जनताको दिगो जिविकोपार्जन अधिकारको सुनिश्चितता हो । ( स्था.वि.म.,गा.न.सा.वि.का.: २०६१) ।"*

यसबाट के प्रष्ट हुन्छ भने नगरपालिकामा गठन भएका टोल विकास संस्थाहरुले गरी जनताका पक्षमा कार्यक्रमहरु सञ्चालन गर्दैआएको छ र उनीहरुलाई अगाडि बढाउने रणनीति अपनाएको छ । व्यास नगरपालिका र टोल विकास संस्थाको आपसी सम्बन्धका बारेमा विभिन्न व्यक्ति र संघ संस्थाहरुले अनुसन्धान गरेतापनि गरिबी न्यूनीकरणका लागि टोल विकास संस्थाले गरेको काम र खेलेको भूमिकाका बारेमा प्रभावकारी अवधारणा आएको पाइदैन । त्यसैले यस अध्ययन अनुसन्धानमा शहरी गरिबी न्यूनीकरणमा टोल विकास संस्थाले गर्दै आएको कार्य र यसका कमजोरीलाई जनसामु प्रस्तुत गर्ने प्रयास गरीएको छ । टोल विकास संस्थाको प्रमुख क्रियाकलाप समाज परिचालन, उद्यम विकास, विभिन्न संगठ विकासका तालीम र सुदृढीकरण, सार्वजनिक सेवा प्रवाहमा सुधार रहेको छ (ऐः ३) । यसबाट पनि टोल विकास संस्था शहरी गरिबी न्यूनीकरणमा सक्रिय रुपमा लागेको छ भन्न सकिन्छ । "यस संस्थाका सम्पूर्ण कार्यहरु पारदर्शी र निश्पक्ष रुपमा सञ्चालित भएका कारण प्रत्येक टोलका घरधुरीहरु टोल विकास संस्थामा आवद्ध भएर स्थानीय विकासमा जुटेका छन् (अधिकारीः २०५९) ।"

त्यसैगरी टोल विकास संस्थाको बचत कार्यक्रम संचालन निर्देशिकाका लेखक श्री रमेश अधिकारीले पनि शहरी गरिबीलाई सामुहिक बचत र आपसी सहयोगबाट आर्थिक समस्या समाधान गर्न सकिने अवधारण व्यक्त गरेका छन् । जुन अवधाण नेपालका सबै नगरपालिका हुदै व्यास नगरपालिकामा पनि अन्य विभिन्न शाखाको तुलनामा यो शाखा अझ महत्वपूर्ण शाखाको रुपमा स्थापित छ । नगरका हरेक गतिविधिमा टोल विकास संस्थालाई नगरपालिकाले सहभागी गराई उनीहरुको राय, सुझाव र सल्लाहलाई मनन गरी कार्यान्वयमा ल्याएको छ । यसबाट टोल विकास संस्था शहरी गरिबी न्यूनीकरणको दरिलो खम्बा र स्थानीय गरिबी न्यूनीकरणका लागि सक्रिय संस्थाको रुपमा चिनाइएको छ ।

# परिच्छेद तीन
# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्यता

तनहूँ जिल्लाको सदरमुकाम दमौलीमा २०४९ शालमा स्थापना भएको व्यास नगरपालिकाका ११ वटामा १४६ भन्दा बढी टोल विकास संस्थाहरु गठन भई क्रियाशील रुपमा कार्य गर्दै आएका छन् । यस अध्ययनमा व्यास नगरपालिकाको वडा न. १० नमुना छनौट गर्नुको मुख्य कारण नगरको मुख्य शहरी वडामा रहेको छ । यस वडा अन्य वडाको तुलनामा सुकुम्वासी वर्ग जसमा गरिबीका रेखामा रहेका समुदायको जनसंख्या पनि बढी भएका कारण यस वडा छनौट गर्नुको एक महत्व पूर्ण कारण हो । त्यस्तै यस वडा अर्न्तगतको बृद्धपार्क टोलमा बसोवास गर्ने बहुसंख्या बासिन्दा कुनै न कुनै पेशा व्यवसाय गरी आय आम्दानी बृद्धि गरेको छन् । नगरपालिकाले गरिबी टोल विकास संस्थाको सूचीमा राखेको यस टोल विकासमा टोल विकास संस्थाको भूमीका कस्तो रहेको छ । टोल विकास संस्थाले टोलका गरिबहरुका लागि के कस्ता कार्यक्रम संचालन गरि गरिवी न्यूनीकरणमा सहयोग गरेका छन् छैन् भनि अध्ययन गर्नु नै यस वडा र टोल नमुना छनौटमा पर्नु अर्को प्रमुख कारण हो । त्यस्तै द्धितिय तथ्यांङ्बाट यस टोल विकास संस्थामा बसोबास गर्ने अधिक जनसंख्यहरु दलित तथा जनजाति रहेका र उनीहरुको शैक्षिक अवस्था, रोजगारीताको अवस्था कुन अवस्थामा छ भनि अध्ययन गर्नु एक महत्व पूर्ण कार्य ठानी यस अध्ययनका लागि यस वडा र टोल प्रमुख प्रथमीकतामा परि छनौट गरिएको पनि हो ।

व्यास नगरपालिकाको दृष्टिकोणमा यस वडाका टोल विकास संस्थाहरु अन्यको तुलनामा बढि सक्रिय देखिनु उनीहरुले कसरी आफ्नो टोलको विकास गर्न सकिन्छ, टोलका सदस्यहरुको लागि स्वरोगार मूलक तालीम कसरी प्रदान गर्न सकिन्छ भनि नगरपालिकामा निबेदन दिने लगाएतका सक्रियाता देखाएका कारण पनि यस टोल विकास संस्थामा गरिबी न्यूनकिरणका प्रयासहरुको एक अध्ययन, अनुसन्धान गर्नु औचित्यता ठानी यसै वडा र बिषेश गरि बृद्धपार्क टोल विकास संस्था छनौट गर्न उचीत लागेको हो । जसबाट यस वृद्धपार्क टोल विकास संस्था अध्ययन गर्न लाएत टोल विकास संस्थाको रुपमा रहेको पनि अध्ययनको क्रममा पाईएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

“टोल विकास संस्थाले गरिबी न्युनीकरणमा ल्याएको परिर्वत” विषयक यस अध्ययनका लागि आवश्यक सामाग्री स्थलगत भ्रमणबाट संकलन गरिएका छन् । खासगरी गरिबी न्यूनीकरणमा ल्याएको परिर्वन सम्बन्धमा भए गरेका कामहरु कमवद्ध रुपमा विश्लेषण गरिएको छ । यस शोधपत्रमा गरिबी न्यूनीकरणका लागि टोल विकास संस्थाले सञ्चालन गरेका समाज परिचालन, समुह बचत कार्यकम, उद्यम विकास, सिव विकास तालीम र सशक्तीकरण अभियान जस्ता पक्षहरुको वर्णन कमवद्ध रुपमा गरिएको छ । अनुसन्धान गरिएका तथ्यहरुलाई चरणवद्ध रुपमा विवरणत्मक र विश्लेषणात्मक रुपमा तयार पारिएको छ ।

## ३.३ तथ्याङ्क संकलनका प्रकृति र स्रोतहरु

यस अध्ययनका लागि आवश्यक तथ्याङ्कहरु व्यास नगरपालिका गाँउनगर साझेदारी विकास शाखा, नमूना छनोटमा परेका वडाहरु, उक्त वडामा गठित टोल विकास संस्थाहरुबाट गरिएको छ । त्यस्तै गरी मानव विकास प्रतिबेदन २००१-२०१३ गरिबी न्यूनीकरण कार्यकम सम्बन्धी कार्यपत्रहरु, विभिन्न आमा समूह तथा क्लबका प्रतिवेदनहरु, अन्य पत्रपत्रिकाहरुमा प्रकाशित लेख रचनाहरु द्वितीय तहको सूचना संकलन गरिएको छ । साथै यस टोल विकास कार्यकमसँग सम्बन्धित व्यक्तिहरुलाई प्रत्यक्ष भेटेर वार्तालाप गर्ने, स्वय आफै उपस्थित भई अवलोकन गर्ने, समूह छलफल गर्ने जस्ता कार्यहरु प्राथमिक तहको सूचना संकलन अर्न्तगत तथ्याङ्क प्राप्त गरी संकलन गरिएको छ । यस शोध अध्ययनका लागि सामाग्री छनोटका माध्यमका रुपमा लिईएको छ । साथै वर्तमान समयको माग र आवश्यकता अनुसार यस अध्ययनको बिषय र उद्देश्यसँग सम्बन्धित छनोट गरिएका कार्यकम र गरिबी न्यूनीकरणका लागि भएका कार्यहरुलाई समेटी श्रव्य दृश्य सामाग्रीलाई डिजिटल क्यामराको प्रयोग गरी दृश्यहरु छायाङ्कन गरेर पनि तथ्याङ्क संकलन गरिएको छ । व्यास नगरपालिकाबाट प्रकाशित व्यास नगर गतिविधिका विभिन्न अङ्कहरुलाई अध्ययनको प्रमुख स्रोत बनाइएको छ ।

## ३.४ समग्र र नमूना छनौट

व्यास नगरपालिकाका ११ वटै वडाहरुमा टोल विकास संस्थाहरुले प्रभावकारी रुपमा टोल विकास, सुशासन र गरिबी न्यूनीकरण सम्बन्धी कार्य के के छन् ? यसरी अध्ययन गर्दा ११ वटा वडाहरुमा १४६ वटा टोल विकास संस्थाहरु सक्रिया रुपमा कार्य गरिरहेका छन् । तर्सथ यस अध्ययनमा सबै वडाका सबै टोल विकास संस्थाहरुलाई समेट्न सकिएको छैन । प्रतिनिधिमूलक क्षेत्रका रुपमा व्यास नगरपालिका वडा नं १० का ८ वटा टोल विकास संस्थाहरुलाई नगरको केन्द्रका रुपमा छनोट गरिएको छ भने यि ८ वटा टोल मध्ये पनि वुद्धपार्क टो विकास संस्थाको अझ गहिरो एवं सुक्ष्म अध्ययन अनुसन्धान गरिएको छ । यस वडालाई अध्ययनको केन्द्र छनोट गर्नुको प्रमुख कारण नगरपालिकाको नजिक रहनु, नगरले मुख्य शहरी वडाको रुपमा लिनु, जनसंख्याको चाप बढ्नु, बसाई-सराइमा व्यापकता रहनु र विकासको गति तिव्र रहनु हो भने बृद्धपार्क टोल विकासको सुक्ष्म एवं पृष्ठ क्षेत्रका रुपमा अध्ययमा छनौट गर्नुको मुलकारण यस टोलमा केही सुकुम्बासीहरु पनि बसोबास गर्नु, अन्य टोलमध्ये गरिबीको रेखामुनी रहेका व्यक्तिको वसोबास हुनु । यसरी यि टोल विकास संस्थामा आवद्ध सदस्य संख्या, उनीहरुको स्थलगत कार्य निरीक्षण, छलफल, अन्तरवार्ता र कियाशीलतालाई अध्ययनको आधार मानिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क संकलन विधि र प्रविधिहरु

व्यास नगरपालिकाको टोल विकास संस्था गठन तथा परिचालन गर्ने मुख्य शाखा गाँउ नगर साझेदारी शाखा हो । यस शाखा अर्न्तगत गठन भएका टोल विकास संस्थाहरुले स्थानीय स्रोत र साधनको परिचालन गरी स्थानीय विकास गर्ने लक्ष्य राखेको छ । सोही लक्ष्य पुरा गर्नका लागि नगरपालिकाले नगरका ११ वटै वडाहरुमा टोल विकास संस्था गठन आवश्यकता अनुसार गरेको छ । शहरी गरिबी न्यूनीकरणका लागि टोल विकास संस्थाले आआफ्ना टोलमा आय आर्जनमूलक उद्यम तथा व्यवसाय सञ्चालन गर्न सदस्यहरुलाई सहयोग गरेको छ । टोल विकास संस्थाको गठन, कार्य, सामाजीक प्रभाव र यसका कमी कमजोरीका अनि विद्यमान चुनौतिका बारेमा तथ्याङ्क संङ्कलन निम्न विधिहरुको प्रयोग गरी अनुसन्धान गरिएको छ ।

### क) प्रश्नावलीको अनुसूची

नमूनाको रुपमा छनोट भएको वडा र उक्त वडामा गठित टोल विकास संस्थाका पदाधिकारी एवं सदस्यहरुलाई भेटी आवश्यक घरपरिवार संख्या, आम्दानीको स्रोत, टोल विकास संस्थाले पुऱ्याएको सहयोग, टोलको वचत र टोल विकास संस्थाको निरन्तरता जस्ता प्रश्न र उत्तरहरु मिति २०७० भाद्र ५ देखि २०७० कार्तिक ३ गतेसम्म सोधिएको छ ।

### ख) समूह छलफल

टोल विकास संस्थाका पदाधिकारीहरु र लाभान्वित वर्गहरुलाई केन्द्रिकृत गरी जनचेतना, उद्यमशीलता र गरिबी न्यूनीकरणमा भएको परिर्वतन सामाजिक अवस्थाका आदिका बारेमा २०७० आश्विन ५ गते शनिवार ३५ जना सदस्य संग र २०७० कार्तिक १ गते शनिवार ४८ जना सदस्यसंग टोलमा गई समूह छलफल गरिएको छ ।

### ग) अवलोकन

गरिबी न्यूनीकरणमा भएको परिर्वतनका लागि अध्ययन छनोटमा परेका टोल विकास संस्थाहरुको वस्तुस्थिति प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क संकलन गर्ने क्रममा २०७० भाद्र ३ गते बुद्धपार्क टोल र २०७० भाद्र ५ गते पुलचोक लगायत अन्य ३ वटा टोलहरुमा अवलोकन गरिएको छ ।

### घ) मूख्य सूचना दाताहरु

यस अध्ययनका लागि आवश्यक तथ्याङ्क व्यास नगरपालिकाका प्रमुख, गाँउनगर साझेदारी शाखाका सामाजिक परिचालकहरु र शाखाका अन्य कर्मचारीहरुका साथै टोलवासीहरु सँग अन्तरवार्ता गरी सूचना संकलन गर्ने क्रममा टोल अध्यक्ष लगायत कमलबहादुर आले, मनिसरा थापा मगर, केशबहादुर वि.क. समेतका ९ जना संग प्रत्यक्ष रुपमा टोलका गतिविधि र गरिबी निवारण सम्बन्धी अन्तरवार्ता लिइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

टोल विकास संस्थामा समेटिएका टोल, पदाधिकारीहरु, सदस्य संख्या, गरिबीको विगतको अवस्था, कारण र हालको अवस्था र प्रभावको बारेमा खोज गरी अध्ययन विश्लेषण गर्दै वैध र वस्तुनिष्ठ सामाग्री छुट्टाइएको छ । उक्त तथ्याङ्कहरुलाई विषयगत आधारमा समूह विभाजन आवश्यक चित्र, विवरण, तालिका निर्माणद्वारा तथ्याङ्क विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

# गरिबी न्यूनीकरणका सन्दर्भमा व्यास नगरपालिका

## ४.१ पृष्टभूमी

तनहूँ जिल्लाको जिल्ला सदरमुकाम, गण्डकी अञ्चल तथा पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने दमौली व्यास ऋषीको जन्मभूमी तथा परासर ऋषीको तपोभूमी मादी र सेती नदीको संगम रहेको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले महत्वपूर्ण नगर हो । यस शहरको स्थानीय स्वायत्त निकायका रुपमा व्यास नगरपालिका रहेको छ । जनसंख्याको बढ्दो चापसँगै यस नगरपालिकामा प्रत्यक्ष अप्रत्यक्ष धेरै समस्याहरु देखापरेका छन् । नागरिक समस्याहरु समाधान गर्दै दमौली विकासमा यस नगरपालिकाले आफ्ना राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरु सँग सम्बन्ध स्थापित गरी विकास निर्माणका कामहरु सुचारु गरेको छ । यस नगरपालिकाले टोल विकास संस्थाहरु गठन भए पश्चात् टोल विकास संस्थाहरुको माध्यमबाट नगरका विकास गतिविधिहरुलाई अगाडि बढाउदै आएको छ । नगरका हरेक विकास निर्माण गरिबी न्यूनीकरणका प्रयासहरु आदि सबैमा टोल विकास संस्थालाई मूल सहयोगी संस्थाको रुपमा लिएर नगरका समग्र विकास अगाडि बढाउदै आएको छ ।

यति हुँदाहुदै यस नगरपालिका विषेश गरी तिन वर्गमा विभाजित रहेको छ । जसमा शहरी, अर्धशहरी र ग्रामीण रहेका छन् । यसरी वडाहरुमा नगरका २, १० र ११ वडाहरु पर्दछन् भने अर्धशहरी वडाहरुमा १, ८, ५ वडाहरु पर्दछन् र बाँकी वडा ३, ४, ६, ७ र ९ पूर्णरुपमा ग्रामीण परिवेशका वडाहरु पर्दछन । तसर्थ यसरी यो नगरपालिका मुख्यतया ग्रामीण गरिबी र शहरी गरिबी दुबै किसिको गरिबी न्यूनीकरणलाई सम्बोधन गरिरहेको छ । यस्ता ग्रामीण र शहरी गरिबी न्यूनीकरण गर्न नगरपालिका मात्र यी समस्या हटाउने कडी हो । नगरपालिकाले आम नागरिकका समस्याहरु समाधानार्थ विभिन्न कार्यहरु गर्दै आएको छ । नगरवासीहरुले उक्त कार्यमा सहयोग गर्नुपर्दछ अन्यथा शहरको जीवन निकै कष्टकर हुन्छ भन्ने धारणलाई मध्यनजर गर्दै नगरपालिकाले स्थानीय समुदाय परिचालन गराउने कार्यक्रमहरुलाई प्राथमिकता दिएको पाइन्छ । नेपालका नगरपालिकाहरु मध्ये मझौला नगरपालिकामा पर्ने व्यास नगरपालिका प्राकृतिक र भौतिक विकास साथै अन्य शहरी सुविधाका न्युनतम आवश्यकता पूरा भएता पनि तिव्र जनसंख्या बृद्धिले शहर भित्र प्रशस्तै

समस्यहरु बढेका छन् । नगरवासीहरुको चुनौतिपूर्ण जीवन शैली समायोजनका लागि व्यास नगरपालिकाको कार्यालयले महत्वपूर्ण भूमिका निवार्ह गर्दै आएको छ । बढ्दो शहरी गरिबी न्यूनीकरणमा नगरपालिकाले स्थानीय स्तरका टोल विकास संस्थाहरुलाई परिचालन गरी गरिबी न्यूनीकरणमा परिर्वतन ल्याउन सफल भएको पाइन्छ । गरिबी न्यूनीकरणमा परिर्वतन ल्याउनका लागि वा सो लक्ष्य परिपूर्तिका लागि यस कार्यालयले सुरक्षा तथा निरीक्षण शाखा, सरसफाई शाखा, कानून शाखा, वातावरण तथा जनस्वास्थ्य शाखा, आन्तरिक परिक्षण एवं लेखा शाखा, सार्वजनिक सिफारिस शाखा, दर्ता चलान एवं सोधपुछ शाखा, पञ्जिकरण शाखा, राजश्व शाखा, समाजकल्याण शाखा ,योजना शाखा, गाँउनगर साझेदारी विकास शाखा तथा अन्य विभिन्न उप-शाखाद्वारा स्थानीय स्तरमा सेवा प्रवाह गरेको छ ।

## ४.२ स्थानीय स्वायत्त निकायका रुपमा

शासनमा पहुँचको नीति अनुरुप विकेन्द्रीत सिद्धान्तलाई हेर्दा स्थानीय स्तरमा सेवा प्रवाह गर्ने स्वायत्त निकायलाई नै स्थानीय निकाय भनिन्छ । यस अर्न्तगत जिल्ला, नगर र गाँउ यी निकाय भन्दा तल रहेका समुदाय, टोल, बस्तीहरु पर्दछन् । यस्ता निकायहरुले नै स्थानीय समस्यहरु पहिचान गरी विकास निर्माण गर्न सक्ने हुँदा स्वशासित र संगठित रुपमा स्थानीय सरकारको मान्यता दिनुपर्दछ । स्थानीय जनप्रतिनिधिहरुबाट स्थानीय निकाय संचालन हुन्छन् । स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकायलाई प्रभावकारी बनाउन खाजेको छ । स्थानीय तहमा सुशासन र क्षमतमाको विकास गरी समृद्ध समाज निर्माण गर्नु स्थानीय निकायको दायित्व हो । यो दायित्वलाई व्यास नगरपालिकाले निभाएको छ । तैपनि देशको शासन केन्द्रीत नीति अनुरुप सञ्चालन हुने हुँदा नगरको आवश्यकतालाई पूर्णता दिन नसकिएको गुनासो नगरपालिका कर्मचारीहरुको छ । भौतिक पूर्वाधारको निर्माण र मानव संसाधन विकासका लागि नगरपालिका जिम्मेवारी बन्नुपर्दछ । त्यसैले स्थानीय स्रोत र साधनको समुचित प्रयोग गरी समुन्नत शहर निर्माणमा जनसहभागिता जुटाउन पनि नगरपालिका सकिय रुपमा लाग्नुपर्दछ, भन्ने मान्यतालाई यस नगरपालिकामा प्रत्यक्ष अप्रत्यक्ष धेरै समस्याहरु देखापरेका छन् । नागरिक समस्याहरु समाधान गर्दै दमौली विकासमा यस नगरपालिकाले आफ्ना राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरु सँग सम्बन्ध स्थापित गरी विकास निर्माणका काम लगायत गरिबी न्यूनीकरणका कामहरु सुचारु गरेको छ । स्थानीय निकायका रुपमा स्थापीत यस नगरपालिकाले नगरवासीहरुलाई निम्न सेवा प्रदान गर्दै आएको छ ।

१. **सार्वजनिक निर्माण सम्बन्धीः** यस अर्न्तगत सडक, ढल, पार्क, बगैंचा, सामुदायिक भवन, कल्भर्ट, पुल, बिद्यालय भवन, खेलमैदान आदि निमार्ण सम्बन्धी सेवा पर्दछन् । यी र यस्ता विविध सेवाहरु सम्बन्धित पक्षहरुसँग सहयोग र सहकार्यद्वारा गरिएका छन् ।

२. **सेवा सुविधा सम्बन्धीः** यस अर्न्तगत नगर सरसफाई, फोहोर मैला व्यास्थापन लगाएत आवश्यक विभिन्न सिफारिसहरु, पञ्जिकरण, बिजुली तथा खानेपानीको व्यवस्था, व्यवसाय दर्ता आदि पर्दछन् । यी कार्यहरु निश्चित मापदण्ड र नियममा रहेर गर्नुपर्ने हुन्छ । यस नगरपालिकाले पनि प्राथमिकताका यी सेवाहरु नगरवासीलाई प्रदान गरेको अध्ययनबाट देखिन्छ ।

३. **सूचना प्रवाहः** सञ्चारका माध्ययद्वारा सूचना प्रवाह, नगरका क्रियाकलापहरु सम्प्रेषण, नगर सूचना केन्द्र स्थापना तथा सञ्चालन गर्नुका साथै नगरवासीहरुलाई आवश्यक सूचना उपलब्ध गर्दैआएको पाइन्छ । साथै सूचनाको हक सम्बन्धी ऐन २०६४ लाई पूर्णरुपमा कार्यान्वयनमा ल्याएको छ ।

४. **संरक्षण र संवर्द्धन सम्बन्धीः** व्यास नगरपालिकाका हरेक पहिचान जस्तै नगर क्षेत्रका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक सम्पदाको संरक्षण गर्नु, प्राकृतिक एवं भौतिक साधन स्रोतको विकास र संरक्षण गर्नु, विभिन्न प्रकारका प्रदूषण, प्रकोप नियन्त्रण जस्ता कार्यहरु नगरपालिकाको प्राथमिकतामा परेका कार्यहरु हुन् ।

५. **सामाजिक प्राथमिकता सम्बन्धी (सामाजिक सुरक्षा)**: यस अर्न्तगत वृद्ध-वृद्धा भत्ता विरण, असहाय सहयोग, महिला सशक्तिकरण, एकल महिला उत्थान, दलित तथा अन्य बालबालिका विशेष सहयोग, दलित तथा जनजाती शकहित सम्बन्धी विशेष कार्यक्रमहरु संचालन मार्फत नगरपालिकाले प्रदान गर्दै आएको छ ।

६. **समाज कल्याण सम्बन्धीः** मानव अधिकार, जनस्वास्थ्य संरक्षण, वारुणयन्त्र, जनसुरक्षा, सार्वजनिक जीवन सुरक्षा आदि कार्यद्वारा नगरवासीहरुको रक्षमा व्यास नगरपालिका क्रियाशील देखिन्छ ।

७. **संघ संस्था समन्वय एवं सहकार्य सम्बन्धीः** यस नगरपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग नगरको विकासमा टेवा पुग्ने गरी सहकार्य गरी नगर विकासका योजनाहरु प्रभावकारी रुपमा सञ्चालन गरेको पाइन्छ ।

८. **गरिबी न्यूनीकरण सम्बन्धीः** यस नगरपालिकाले नगरवासीहरुको हितमा उनीहरुको गरिबीतालाई न्यूनीकरण गर्नका लागि विगतदेखि हालसम्म गरिबी न्यूनीकरणका लागि

गाँउनगर साझेदारी विकास शाखामार्फत सहुलीत ऋण सहयोग, बिँउ पूंजी वितरण, सिप विकास, तालिम लगाएत संगठन विकासका कार्यक्रम सञ्चालन गर्दै गरिबी न्यूनीकरण गरी गरिबीमा परिर्वतन ल्याएको यस अध्ययनबाट देखिन्छ ।

**" विधितायुक्त शहर, समुन्त एवं सम्बृद्ध व्यास नगर"**

**व्यास नगरपालिका कार्यालय, दमौली , तनहुँ ।**

यस नगरपालिकाले जवाफदेही र पारदर्शी रुपमा नगर विकास सम्बन्धी कार्य सञ्चालन गरी सफल स्थानीय स्वायत्त निकायका रुपमा आफुलाई प्रस्तुत गरेको छ । नगरपालिकाका विभिन्न शाखाहरुले नगरपालिकालाई स्वायत्त निकायका रुपमा काम गर्ने वातावरण निर्माण गरेका छन् । यी शाखाहरु मध्ये गाँउनगर साझेदारी विकास शाखा नगरपालिकाको गरिबी न्यूनीकरणमा सहयोग गर्ने महत्वपूर्ण शाखा हो । स्थानीय समाज परिचालन गर्न यस शाखाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । स्थानीय विकासका लागि नागरिक समाजलाई संगठित गर्न यस शखाले पुर्‍याएको योगदानले गर्दा नै शाखालाई नागरिकहरुलाई विश्वास गरेका छन् । स्थानीय विकास गर्न, लधु उद्यम संचालन गर्न, गरिबी न्यूनीकरण गर्न यस शाखाले समाज परिचालन गरेको छ ।

## ४.३ गरिबी न्युनीकरणमा ल्याएको प्रभावमा नगरपालिकाको भूमिका

यस नगरपालिकाले नगर विकासका लागि स्थापना कालदेखि विभिन्न चरणमा विभिन्न कार्यहरु गर्दै आएको छ । गरिबी न्यूनीकरण र सुशासन विकासका लागि वि.स. २०५५ शालदेखि केही भिन्न र व्यापक रणनीति अवलम्बन गरेको छ । स्थानीय स्वायत्त शासन अनुसार यस निकायले स्थानीय सरकारको भूमिका निभाएको छ । यस नगरपालिकाले गाँउनगर साझेदारी शाखा विस्तार गरी शहरका गरिबी भएका जनताहरुलाई सहुलियत ऋण लगानी, ससाना योजनाहरुमा टोल विकास संस्थाको निर्णय अनुसार बिउ पूँजी वितरण, गरिबीका रेखामुनी रहेका नागरिकहरुलाई सिप विकास तालिम जस्ता कार्यमा स्थानीय समाज परिचालन, स्थानीय स्रोत परिचालन र व्यवस्थापन जस्ता पारदर्शी कार्यलाई प्राथमिकताको सूचिमा राखी विगतको तुलनामा गरिबी न्यूनीकरणमा परिर्वतन ल्याउन सफल भएको छ । यस नगरपालिका स्थापनाकालदेखि विभिन्न राष्ट्रिय अर्न्तराष्ट्रिय संघ संस्थासँग सम्झौता तथा समन्वय गरी नगरका गरिब नागरिकहरुलाइ विभिन्न कार्यक्रमको माध्यमद्वारा गरिबी न्यनीकरण गर्ने प्रयात्न गरिको छ । जसमा वि.स. २०५५ सालमा संयुक्त

राष्ट्र संघीय विकास कार्यक्रमसंग सम्झौता गरी सञ्चालन गरेको गाँउनगर साझेदारी विकास कार्यक्रममार्फत टोल विकास संस्था गठन गरी नगरका गरिब नगरवासिका हितमा विभिन्न गरिब मुखी कार्यक्रम सञ्चालन गरी गरिबी न्यूनीकरणमा कमी ल्याएको छ । केन्द्रीय राज्यसत्ता एकात्मक चरित्र बोकेको हुन्छ । यस प्रकारको शासन प्रणालीबाट राज्यका सबै क्षेत्र, वर्ग, तह र जातजातिहरु समान रुपमा लाभान्वित हुन्छन् न त सामाजिक समस्याहरु नै निराकरण हुन्छन् । स्थानीय समस्या पहिचान गरी उक्त समस्या समाधानका लागि स्थानीय निकाय, स्थानीय जनसमुदाय नै सक्रिय हुनुपर्दछ भन्ने कुराको प्रमाण टोल विकास संस्थाहरुले दिएका छन् ।

व्यास नगरपालिका पनि एक स्थानीय सरकारको रुपमा स्थापित स्थानीय निकाय भएकोले यसले शहरी गरिबी न्यूनीकरण, सुशासन र समृद्ध शहर निर्माणका लागि निम्न प्रकारका कार्यक्रमहरु सञ्चलन गर्दै आएको छ । जुन कार्यक्रमहरु टोल विकास संस्थाको पूर्ण सक्रियता र उनीहरुको सहभागीतामा यि कार्यक्रमहरु छनौट एवं कार्यान्वियन हुदैआएको छ ।

- भौतिक निर्माण तथा मर्मत सुधार पूर्वाधार विकास कार्यक्रम
- वडा विकास कार्यक्रम
- फोहरमैला व्यवस्थापन कार्यक्रम
- सडक बत्ती व्यवस्थापन कार्यक्रम
- क्षमता तथा सिप विकास एवं उद्यम विकास सम्बन्धी कार्यक्रम
- कृषि क्षेत्र प्रवर्द्धन तथा विकास कार्यक्रम
- जगेडा कोष योजना सञ्चालन कार्यक्रम
- ऋृण सहयोग एवं लगानी कार्यक्रम
- शिक्षा, स्वास्थ्य, वातावरण एवं युवा खेलकुद विकास कार्यक्रम
- महिला, बालबालिका सहयोग एवं क्षमता बृद्धि कार्यक्रम
- दलित जनजाति उत्थान तथा विकास सम्बन्धी कार्यक्रम
- अन्य विविध समेत रहेका छन् ।

खासगरी गरिबीको पहिचान, कारण र प्रभावको खोजी, आयआर्जनमूलक उद्यम र ऋृण सहयोग, सशक्तीकरणमा विषेश जोड, जनसंख्या नियन्त्रण, सर्वसुलभ र व्यवहारिक शिक्षामा जोड र समग्रमा सुशासनको विकास गरी नगरपालिकाले शहरी गरिबी न्यूनीकरणमा परिर्वतन ल्याएको सार्थक सिद्ध हुन्छ ।

# परिच्छेद पाँच

# टोल विकास संस्थाको संस्थागत कार्य विश्लेषण

## ५.१ विषय प्रवेश

शहरी समाज परिचालन प्रक्रिया मार्फत टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकासका साथै शहरी सुशासन प्रवर्द्धन गर्न नगरपालिकामा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका घरधुरी सदस्य रहने गरी एक घर एक सदस्यको आधारमा आधारमा सबै घरधुरीलाई आवद्ध गराई सबै घरको प्रतिनिधित्व हुने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी गठन गरिने बहुउद्वेश्यीय संस्थालाई टोल विकास संस्था भनिन्छ (अधिकारी र श्रेष्ठः २०६२) । अध्ययन छनोटमा परेका टोल विकास संस्थाले पनि यस परिभाषालाई प्रष्ट पारेका छन् । अध्ययनलाई हेर्दा टोल विकास संस्थाहरु बहुआयमिक सामाजिक संस्था पनि हुन् । यस संस्थाले आफ्ना सदस्यहरुको मानव जीवन, प्राकृतिक र वातावरण संरक्षण, स्वास्थ्य शिक्षा, आर्थिक विकास लगाएतका बिषयमा सरोकार राख्दछ । हरेक पक्षसँग यो संस्था सम्बन्धित भएका कारण यस संस्थाको महत्व पनि व्यापक छ । स्थानीय स्वायत्त निकायका पूर्वाधार यी संस्थामा हुन्छन् । टोल विकास संस्थाले विकेन्द्रीकरणको आधाभूत संरचनालाई आत्मसात गरेको हुन्छ । निश्चित प्रक्रिया र कार्यविधिद्वारा संचालित यस संस्थाले निश्चित भौगोलिक क्षेत्र, साझा अवधारण र साझा उद्देश्य, सामाजिक वातावरण, सुशासन प्रवर्द्धन र गरिबी न्यूनीकरण, लैङ्गिक समानाता र सामाजिक न्याय, स्थानीय स्रोत र साधन र साधनको परिचालन जस्ता पक्षमा जोड दिन्छ । टोल विकास संस्थाले गर्ने गतिविधिहरु सामाजिक एकता, गरिबी न्यूनीकरणमा टेवा पुग्ने र दिगो विकासका लागि सहयोग गरी संचालन गरिएका छन् । उनीहरुलाई नागरिक हक प्रदान गराई स्थानीय विकासमा सहभागी हुने अवसर पनि टोल विकास संस्थाले प्रदान गर्दछ । टोल विकास संस्थामा आवद्ध सदस्यहरुलाई आवश्यक तालिम तथा प्राविधिक सहयोग नगरपालिकाको साझेदारी विकास शाखाले गर्दछ ।

## ५.२ संस्थाले आत्मसात् गरेका मुलभूत मान्यताहरु

टोल विकासका समाजसेवीहरुलाई जम्मा गरी टोल विकास संस्थाका बारे प्रशिक्षण दिएर यस नगरपालकामा टोल विकास संस्थाको आरम्भ गरिएको थियो । सचेतना तथा जनसेवामुखी धारणाको कमिका कारण टोल विकास संस्था स्थापना गर्न निकै समस्या भएको कुरा संस्थासँग आवद्ध प्रतिनिधिहरु तथा नगरपालिकाका सामाजिक परिचालकहरुले बताउनु भयो (सा.प.व्या.न.पा, पराशर टोल अध्यक्ष) । जनचेतनाको विस्तार र टोल विकास संस्थाको जनसेवाबाट प्रभावितहरुको सक्रियतामा क्रमशः टोल विकास संस्थाहरु सूचिकृत हुंदै गएका छन् । त्यस्तै टोल विभाजन तथा पूर्नगठन हुने टोलहरु पनि बढ्ने क्रममा रहेका छन् ।

आफ्नो श्रम, सिप, जाँगर आफ्नै भन्ने चेतनाको कमिका कारण शुरुमा टोल विकास संस्थाको गठन गर्न निकै गाह्रो भए पनि संस्थामा संलग्न व्यक्तिहरुको मेहनत र सहकार्यले व्यास नगरपालिका साझेदारी शाखाले सबै वडाहरुमा टोल विकास संस्थाको गठन भएको हो । यसरी गठन भएका टोल विकास संस्थाले देहाएका क्रियाकलाप तथा कार्यक्रम संचालन गर्दै आएका छन् ।

- निश्चित भौगोलिक क्षेत्र वा वस्ती निर्धारण गर्ने
- टोल विकास संस्थामा अध्यक्ष लगाएतको कार्यसमिति चयन गर्ने
- टोल विकास संस्थाको मासिक बैठक बस्ने
- टोल विकास संस्थामा नियमित मासिक बचत संचालन गर्ने
- टोलका गरिब घरपरिबारलाई ऋण दिने तथा नगरपालिकामा ऋण माग गरी पठाउने
- आफ्नो टोलका साझा समस्याहरु पहिचान गरी समाधान गर्ने
- टोलमा उद्यमशीलता तथा नेतृत्व विकासका लागि नगरपालिकामा माग गर्ने
- नगरपालिकाद्वारा सञ्चालन हुने परिषद्को लागि योजना तर्जुमामा सहभागी हुने
- नगरका अन्य गतिविधिमा नगरको आवश्यकता अनुसार सहभागी हुने

टोल विकास संस्थाको मुख्य उद्देश्य नै शहरी गरिबी न्यूनीकरण गर्नु हो । टोल विकास संस्थाको लक्षित वर्गमा विपन्न परिवार, महिला, दलित, आदीवासी जनजातीहरु पर्दछन् । उनीहरुलाई नागरिक हक प्रदान गराई स्थानीय विकासमा सहभागी हुने अवसर पनि टोल विकास संस्थाले प्रदान गर्दछ ।

## ५.३ संस्थाका विषेशताहरु

नमूना छनोटमा परेका टोल विकास संस्थाका सम्पूर्ण गतिविधिका आधारमा टोल विकास संस्थाका विषेशताहरु (एक दिवसीय अनुशिक्षण दिर्ग्दशन, यु.एन.डि.पि.: २०६२)

**१. वैधानिकता**

हरेक टोल विकास संस्थाहरु वैधानिक हुनुपर्दछ । टोल विकास संस्थाहरु नगरमा नगरपालिकामा दर्ता एवं सूचिकृत हुनुपर्ने प्रावधानका कारण यिनीहरुलाई वैधानिक संस्था मानिन्छ । वैधानिकता टोल विकास संस्थाको दिगोपनालाई निश्चित गरेको हुन्छ ।

**२. सामाजिक मूल्य र मान्यता**

टोल किास संस्था विकासको साझा अवधारण हो । समाज बाहिर यी संस्थाहरु रहन सक्दैनन् । यसकारण यस संस्थाले समाजमा सामाजिक मूल्य र मान्यता प्राप्त गरेको हुनुपर्दछ ।

**३. स्थायित्व**

टोल विकास संस्थाहरुले समाजमा सामाजिक सेवा प्रवाह गरेका हुन्छन् । सामाजिक सद्भावको विकास गराउँछन् र स्थानीय स्तरमा स्तरमा गठन हुने हुँदा यिनीहरुको स्थायित्व सुनिश्चित हुन्छ र हुनुपर्दछ ।

**४. समानता**

टोल सबै घरधुरी, वर्ग, लिङ्ग, जात, धर्म, र पेशालाई समेट्ने हुँदा समावेशी हुनु नितान्त आवश्यक हुन्छ ।

**५. समावेशी अवधारण**

यस संस्थाले पिछडिएको वर्ग, समुदाय, लिङ्ग र जातजातिलाई समेट्ने हुँदा समावेशी हुनु नितान्त आवश्यक हुन्छ ।

**६. उत्तरदायित्व र जवाफदेहिता**

सदस्य संख्याको साझा निर्णयानुसार संस्थाको काम गर्नुपर्दछ । वैध टोल विकास संस्थाहरुले पूर्णत उत्तरदायित्व निभाउन सक्ने हुनुपर्दछ ।

संस्थाका कामहरु प्रष्ट र निर्देशित हुन्छ । के ? किन ? कसरी ? भन्ने प्रशनको उत्तर जिम्मेवार लिने व्यक्तिले दिनसक्नु पर्दछ ।

**७. समन्वयात्मक धारण**


आपसी सहयोग, सदभाव, सुख-दुख एक अर्कामा बाढेर समन्वयलाई यस संस्थाले प्राथमिकता दिएका कारण नै टोल विकास संस्थालाई सहयोगी संस्था मानिन्छ ।

**८. पारदर्शिता**

यस संस्थाका हरेक कामहरु पारदर्शी एवं पूर्ण सहभागीता मूलक हुन्छन् । टोल विकास संस्थाका हरेक निर्णय गर्दा कूल सदस्यको कम्तिमा ८० प्रतिशत सदस्यको उपस्थिति हुनुपर्ने टोल विकास संस्थाको निर्देशिका २०६८ मा व्यवस्था रहेको छ ।  जसका कारण पनि यस संस्थाका गतिविधिहरु पारदर्शिता हुन्छन् भन्न सकिन्छ । नगरपालिकाको प्रत्यक्ष निगरानीमा टोलका गतिविधि सञ्चालन हुने हुँदा यसका कामहरु प्रष्ट र उद्देश्यमूलक हुन्छन् । यती हुँदा हुँदै पनि टोल विकास संस्थाले नागरिक समाज तथा राजनैतिक दलबाट आशा लाग्दो सहयोग भने पाएको छैन । जनप्रनिधिको रिक्तता र अस्तव्यस्त अवस्था भएको वर्तमान परिवेशमा यो संस्थाले आफ्नो गतिमा तिव्रता बढाई बढी उद्देश्य पूरा गराउन सकेको भने देखिदैन । तर टोल विकास संस्थाले निम्नानुसार विशेषता भएका कारण पनि पारदर्शीता छ भन्न सकिन्छ ।

**चित्र नं. ५.१**

टोल विकास संस्थाका विशेषताहरु




स्रोत : गा.न.सा.वि.का.

## ५.४ क्षेत्रगत तथ्य विश्लेषण

### ५.४.१ टोल विकास संस्था वडा नं १० ले सम्पादन गरेका कार्यहरुको समीक्षा

अध्ययन अबधिमा वडा नं १० का समन्वय समिति चयन, छलफल, बचत र ऋण प्रवाह, नेतृत्व चयन, टोल समस्या छलफल सम्बन्धी बैठक, लैगिक समानता कार्यक्रम, सहकारी विकास सम्बन्धी छलफल, सदस्यलाई आवश्यक सिफारिस प्रदान, तालिम र प्रमाणपत्र वितरण जस्ता कार्यहरुमा सहभागी भई गरिएको अध्ययन र छलफलबाट टोल विकास समितिले गरेका कार्यहरुको विश्लेषण गरिएको छ ।

यस शोध कार्यका लागि व्यास नगरपालिका वडा नं १० लाई प्रमुख अध्ययन क्षेत्रका रुपमा लिइएको छ । नगरपालिकाको मुख्य शहरी वडाको केन्द्रमा यो वडा रहेको छ । उक्त वडामा दमौलीको पुरानो बजार जसलाई निमचोक भनिन्छ । दमौली बजार स्थापनाको शुरुमा यो वडा मुख्य बजारको साथै व्यापारीक क्षेत्रको रुपमा रहेको कुरा टोल विकास संस्था नगर समन्वय समितिका अध्यक्ष चुणामणी दाहाल बताउनु हुन्छ । यस नगरपालिका गाँउनगर साझेदारी शाखाले यो वडामा सबैभन्दा पहिला गठन गरेको टोल विकास संस्था देउराली नगर टोल भएको नगरपालिका साझेदारी शाखाका सामुदायक परिचालक सावित्री आचार्यको भनाई रहेको छ । यस संस्थाको स्थापना २०५६ सालमा भएको हो । त्यसपछि अन्य टोल विकास संस्थाहरु क्रमश गठन हुँदै गएका हो र हाल यस वडामा ८ वटा टोल रहेका छन् । यसमा गठित टोल विकास संस्थाले ६२५ घरधुरी समेटेको छ । सबै टोल विकास संस्थाहरुमा कूल ६२२ सदस्य संख्या रहेका छन् । जसमा ३६३ जना महिला सदस्य र २५९ जना पुरुष सदस्य रहेका छन् भने सबै टोलमा महिला पदाधिकारी ५८ प्रतिशत र ४२ प्रतिशत पुरुष पदाधिकारी रहेका छन् । त्यस्तै ८ टोलमा दलितको सहभागीता १७ प्रतिशत रहेको छ भने जनजातिहरुको सहभागीता ४६ प्रतिशत र अन्य जातीको सहभागीता ३७ प्रतिशत रहेको छ (व्या.न.पा. साझेदारी शाखा बाट प्राप्त जानकारी अनुसार ) ।

यी सम्पूर्ण टोल विकास संस्थाहरुमा आपसी समझदारीमा नेतृत्व लिन सक्ने अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष लगाएत अन्य ५ जना कार्यसमितिका सदस्यहरु छनोट गरिएको छ । ८ वटै टोलको वडास्तरीय वडा समन्वय समितिको अध्यक्षमा हाल श्री प्रेमकुमार श्रेष्ठ रहनु भएको छ । वडा समन्व समितिको गठन संचालनको लागि नगरपालिकाले टोल विकास संस्था वडा समन्वय समिति निर्देशीका २०६८ तयार गरी नगर परिषद् २०६९ बाट पारित समेत गरेको छ । हरेक टोलसँग समन्वय गरी टोलका समग्र पक्षलाई नगरपालिका


सम्म पुर्‍याउने काम वडा समन्वय समितिका अध्यक्षबाट हुदै आएको छ । यस वडा समन्वय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष सहित ८ जना सदस्य समेत रहेका छन् । सबै टोलका अध्यक्ष मध्यबाट वडा समन्वय समितिको अध्यक्ष छनौट हुने निर्देशीकामा उल्लेख भएको छ । त्यस्तै वडा समन्वय समितिले पूर्व वडा समन्वय समितिका अध्यक्ष समेत अन्य, समाजसेवी, महिला प्रतिनिधि, राजनीतिक दल लगाएतका व्यक्तिहरुलाई आवश्यकता अनुसार सल्लाहकार समितिमा राखेको छ । यसबाट टोल विकास संस्थालाई उचित राय, सुझाब र सल्लाह प्राप्त गरेको कुरा टोल विकास संस्थाका अध्यक्ष नन्द बहादुर थापा बताउनुहुन्छ । स्थानीय विकासमा स्थानीय वासिन्दाको सहभागीता आवश्यक हुने देखेर यस वडाका वासिन्दाहरु टोल विकास संस्थामा आवद्ध भएको धारण अध्यक्ष प्रेमकुमार श्रेष्ठको छ ।

प्रत्येक टोल विकास संस्थामा महिनाको एक पटक बैठक अनिवार्य बस्ने नियम रहेको छ । टोल बैठमा बचत कार्यक्रमका अतिरिक्त टोलका समस्यहरु बारेमा छलफल गरी समस्या समाधानका लागि सम्बन्धित निकायसम्म पुऱ्याउने काम टोल अध्यक्ष तथा सचिवको रहन्छ भन्ने कुरा देउराली नगर टोलका अध्यक्ष बाबुराम बगाले बताउनुहुन्छ । यस वडामा गठन भएका सबै ८ वटै टोल विकास संस्था नगरपालिकामा सूचीकृत भएका छन् । यसरी प्रत्येक महिनाको बैठकबाट सबै ८ टोलमा भएको बचत रकम रु.१०,४०,५००।- रहेको छ । यो बचत रकम पुरै टोल सदस्यहरुलाई बार्षिक १८ प्रतिशतका दरले लगानी भएको छ भन्ने कुरा वडा नं १० कि सामाजिक परिचालक आचार्य बताउनुहुन्छ । यो बचत कुनै टोलमा २ बर्षमा र कुनै टोलमा ३ बर्षमा बचत कर्तालाई बराबरी बितरण गरी पुन: बचत गर्ने गरेको कुरा निमचोक टोलका कोषध्यक्ष र शान्तिनगर टोलका कोषध्यक्ष बताउनुहुन्छ । यसरी टोल बचत लगानीबाट विपन्न वर्गका लागि आर्थिक स्तर वृद्धिका लागि फलफुल व्यावसाय, किराना पसल संचालन, मासु पसल जस्ता स-साना व्यावसाय गरी आय आम्दानी बढाएका छन् भने नगरपालिका साझेदारी विकास समितको निर्णय अनुसार प्रत्येक टोललाई रु. ५ लाख १२ प्रतिशतका दरले ऋण प्रदान गरिएको छ । जुन ऋणको लगानीबाट घरेलु उद्योग, तरकारी पसल जस्ता व्यावसाय संचालन गरी गरिबी न्यूनीकरणमा सहयोग पुगेको कुरा व्यास नगरपालिका प्रमुख एव कार्यकारी अधिकृत श्री रामचन्द्र लागादे प्रष्ट्याउनुहुन्छ । उक्त वडामा आ.व.२०६९/०७० व्यास नगरपालिका

गाउँ-नगर साझेदारी विकास कोषबाट रु.१० लाख भन्दा बढी टोल सदस्यहरुलाई सहयोग गरिएको जानकारी साझेदारी विकास शाखाको वित्त सयहायक हेमन्त गुरुङ वताउनुहुन्छ ।

**निम्न चित्रले व्यवसायको तथ्य प्रस्तुत् गरेको छ :**

**चित्र नं.५.२**




स्रोत: व्या.न.पा. साझेदारी

यस चित्र अनुसार टोल सदस्यहरुले आय आर्जनको लागि तरकारी फलफुल व्यवसाय, मासु पसल, घरेलु उद्योग र अन्य लघु उद्यम संचालन गर्दै आएका छन् । तुलनात्मक रुपमा तरकारी फलफुल र लघुउद्यम गर्नेको संख्या वढिरहेको छ ।

यस्ता उद्यमीहरुलाई टोलको सिफारिसमा नगरपालिका साझेदारी विकास शाखाले कोषबाट पनि सुलभ व्याजमा ऋण प्रदान गरिएको छ । यस वडाका टोल विकास संस्थाहरुको प्रत्येक टोलमा बसेको साधारण सभाले गरेको निर्णय अनुसार टोल विकास संस्थाहरु नविकरण तथा पुर्नगठन पनि गरिएको छ । विकास निर्माणको कार्य गर्न नगरपालिकाबाट अनुदान र स्थानीय श्रम स्रोतको प्रयोग गरी टोल विकासका योजना संचालन गरेका छन् । अध्ययनबाट देखिए अनुसार यस वडामा गठन भएका टोल विकास संस्थाले शहरी गरिबी न्यूनीकरणमा विषेश जोड दिएको देखिन्छ भने यस वडामा गठन भएका टोल विकास संस्थाले ससाना आय आर्जनका व्यवसाय संचालन गर्न उत्प्रेरणा जगाई विगतको तुलनामा हाल गरिबीको रेखामुनी कम सदस्य रहेको कुरा बुद्धपार्क टोल विकास संस्थाका अध्यक्ष नन्दबहादुर थापा बताउनुहुन्छ । त्यस्तै स्थानीय समुदायमा चेतना अभिबृद्धि गराउने कार्य टोलको सर्वपरी प्रशासनिक कार्य भित्र पर्दछ । यस्ता चेतना विकास, साक्षरता,

वतच परिचालन, उद्यम विकास जस्ता आपसी समन्वय विकासले टोल विकास संस्थालाई सफल सामाजिक संस्थाको रुपमा चिनाउछ । टोल विकास संस्था र अन्य संस्थाहरुसंग समन्वयात्मक सहकार्यमा राजनैतिक र सामाजिक सचेतना कार्य समेत भएका छन् । यस वडाको पिछडिएको टोल अर्न्तगत पर्ने बुद्धपार्क टोल विकास संस्थाले समग्र नगरको सवदाह गृह संचालन तथा व्यवस्थापनको जिम्मा लिई प्रसंसनीय कार्य गरेको देखिन्छ । त्यस्तै शान्तीनगर टोल विकास संस्थाको ४१० मि. बाटो पिच, देउरानी नगर र पुलचोक टोलको ५६० मि. ढल नगरपालिकाको संझौता अनुसार लागत सहभागिताको आधारमा कार्य सम्पन्न भएको छ । गरिबी न्यूनीकरणका लागि यस वडाका टोल विकास संस्थाले सबै टोलमा लघु उद्यमका लागि ऋण लगानी गरी व्यवसाय संचालन गरी आय आर्जन गरेका छन् । गरिब परिवारको पहिचान गरी उनीहरुलाई विभिन्न व्यवसायका लागि आवश्यक तालिम एवं ऋण सबै टोलमा प्रदान गरिएको छ ।

तर टोल विकास संस्थाका सदस्यहरुले धेरै आरोह अवरोह भने पार गरका छन् । शहरी गरिबी तथा विकास निर्माणमा यस वडाका टोल विकास संस्थाका सदस्यहरु बढि सक्रिय देखिन्छन् । स्थानीय स्तरमा आवश्यक सामाजिक सेवा प्रवाह गर्नु, स्थानीय जनमानसलाई स्थानीय विकासमा सहभागी गराई आपसी छलफलद्वारा समस्या समाधान गर्नु, वडाका सबै घरधुरीलाई संस्थामा आवद्ध गराउनु, गरिब घर परिवारको पहिचान गर्नु, लैंङ्गिक समानता, पारदर्शी, स्वास्थ्य, शिक्षा र सामाजिक समावेसी लगाएत आर्थिक सचेतना कार्यक्रम संचालन गरी टोल विकासका लागि टोलबासीहरु अथवा स्थानीय वासीहरुनै लाग्नु पर्छ भन्ने भावनाको विकास गराउनलाई टोल विकास संस्थाले विभिन्न कार्यक्रम गर्दै आएका छन् । टोल विकास संस्था र अन्य संघ संस्थाहरु संग समन्वयात्मक सहकार्यका राजनैतिक र सामाजिक सचेतना कार्यक्रम समेत भएको छ । नगरको वडा कार्यालय समेत नभएको अवस्थामा टोल विकास संस्थाको बैठक स्थानीय चौतारो तथा विभिन्न संघ संस्थाहरुको भवनमा बैठक बस्नुपर्ने बाध्यता भएको शान्तीनगर टोल विकास संस्थाको अध्यक्ष बताउनुहुन्छ ।

### ५.४.२ गरिबी न्यूनीकरणको प्रकृयाः

भौतिक विकास तर्फ उन्मुख व्यास नगरपालिकामा गरिबीका कारण जीवन जिउने आधार नै नभएकाहरुको संख्या उल्लेख्य रहेको वर्तमान अवस्थामा टोल विकास संस्थाले उनीहरुमा

जीवन जीउने आशाको किरण उमारी दिएको छ । शिक्षा, स्वास्थ्य, यातायात, खानेपानी लगायत अन्य भौतिक सुविधाको उपयोग गर्न नपाउने दमौलीवासीको संख्या उल्लेख्य छ । वाहिरबाट हेर्दा शहर जती सम्पन्न देखिन्छ त्यती भने छैन । यस नगरभित्र शहरी गरिबीको संख्या र अवस्था अकल्पनीय छ । शहरका प्रत्येक टोलमा गरिबीका निम्न कारणहरु देखिएका छन् ।

१) आर्थिक दुर्भलता

२) शक्ति हिनता

३) आय र सम्पत्ति माथि कम पहुंच

४) एक्लोपना

५) वेरोजगार

६) श्रमको माग र आपूर्तिमा अपर्याप्तता

७) दास, हलिया, बांधा, कमैया प्रथा

८) केन्द्रमुखी सरकारी नीति

९) व्यक्तिमा श्रम र सिपको कमी

१०) व्यक्तिमा निहित शारिरीक कमजोरी

११) अशिक्षा र अज्ञानता

१२) सामाजिक तडकभडक

स्रोतः परामर्श बैठकः २०५७

गरिबी न्यूनीकरणका लागि ससाना उद्यम संचालन सबैभन्दा दरिलो माध्यम मानिन्छ । गरिब तथा पिछडिएका वर्गलाई स्वावलम्बन र आत्मनिर्भर गराउन सकियो भने गरिबी न्यूनीकरणमा टेवा पुग्दछ । त्यसैले टोल विकास संस्थाले नगरपालिकाको नेतृत्वमा टोल विकासका लागि समाज परिचालन गर्ने, गरिबी न्यूनीकरणका लागि उद्यम विकास गराउने, उद्यमीलाई उद्यम संचालनका लागि आवश्यक तालिम प्रदान गराउने, उद्यम संचालन कै लागि ऋण उपलब्ध गराउने र ससाना बचत गराउने जस्ता कार्य गर्दै आएको छ ।

**तालिका नं.५.१**

**२०६९।०७० मा संचालन गरिएका उद्यम संख्या र रकम परिचालन**

| क.सं. | उद्यम विकास | उद्यम संख्या | | प्रदान गरिएको रकम | स्वलगानी |
|---|---|---|---|---|---|
| | | म. | पु. | (न.पा.बाट ऋण) | |
| १. | ३५ | २२ | १३ | १२,५०,०००। | ११,६३,५३०। |

स्रोतः व्या.न.पा.सा.शाखा (२०७० श्रावण १५ )

नगरपालिका साझेदारी विकास शाखाले टोल विकास संस्था मार्फत गरिबी न्यूनीकरणका लागि टोल सदस्यहरुका लागि उद्यम विकास, लगानीमा बृद्धि, आवश्यक तालिम प्रदान गराउँदै आएको छ ।

**तालिका नं. ५.२**

**२०६९।०७० मा गरिबी न्यूनीकरणका लागि संचालन गरिएको तालिम**

| क.सं. | तालिमको नाम | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | म. | पु. | |
| १. | उद्यम व्यवस्थापन | २५ | १८ | ४३ |
| २. | नेतृत्व विकास | ११ | २४ | ३५ |
| ३. | सिप विकास | १२ | ९ | २१ |

स्रोतः व्या.न.पा.सा.शाखा (२०७० श्रावण १८ )

यहां गरिबी न्यूनीकरण सम्बन्धी वडा नं.१० मा प्रदान गरिएको तालिमलाई समग्रमा देखाइएको छ । तुलनात्मक रुपमा भन्दा गरिबी न्युनीकरणलाई लक्षित गरी संचालन गरिएका तालिमहरुमा सहभागीको संख्या बढेको पाइयो । यसबाट प्रष्ट हुन्छ कि शहरका बासिन्दाहरु अवसरको खोजिमा छन् । यस समस्याको आंसिक समाधान टोल विकास संस्थाले पुरा गराउन पाइला चालेको अध्ययनबाट देखिन्छ । किनकी टोलको स्वीकृति विना नगरपालिका साझेदारी शाखाबाट प्रदान गर्ने तालिममा सहभागी हुन पाइदैन ।

## तालिका नं.५.३

## टोल विकास संस्थाहरुको बचत संकलन र परिचालनको अवस्था

| टोल विकास संस्था | बचत रकम | बचतकर्ता संख्या | | जम्मा | लगानी |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| बुद्धपार्क टोल | १,५१,२००। | ३७ | ३६ | ७३ | १,५१,२००। |
| पुलचोक टोल | १,९५,०००। | ३८ | ३२ | ७० | १,९०,०००। |
| शान्तीनगर टोल | १,१७,०००। | ४२ | २८ | ७२ | १,१७,०००। |
| श्रृजनामार्ग टोल | ३,३१,२००। | ५४ | २८ | ८२ | २,९०,०००। |
| पराशर टोल | ३,७९,२००। | ४८ | २७ | ७५ | ३,००,०००। |
| निमचोक टोल | ५,५४,४००। | ६३ | २९ | ९२ | ५,५४,०००। |
| महर्षि टोल | ४,०३,२००। | ४४ | ३४ | ७८ | ३,५५,०००। |
| देउरालीनगर टोल | ५,९५,०००। | ८५ | ५९ | १४४ | ५,९०,०००। |
| **जम्मा** | **२७,२६,२००।** | **४११** | **२७३** | **६८४** | **२५,४७,२००।** |

स्रोतः स्थलगत सर्भेक्षण (२०७० भाद्र २ )

यस तालिकाले टोल विकास संस्थाको पुंजी संकलनको स्थिति, उद्यम संचालनमा उत्साह देखिएको छ । टोल विकास संस्थाहरुले समान बचतको नीति अपनाएको पाइन्छ । प्रत्येक टोलमा बढीमा २०० र न्युनतम १०० मासिक नियमित बचत गरी टोल बैठकको निर्णय गराई बचत सदस्यहरुलाई नै आय आर्जनको लागि लगानी गरेकाछन् । उक्त बचत रकम टोल अनुसार फरक फरक हुने गरेको पाइन्छ । टोल विकास संस्थाहरुले नगरपालिकाको सहयोगमा टोलको साधारण सभाद्वारा बचत तथा ऋण नीति बनाई सोही अनुसार १५ देखि १८ प्रतिशत व्याजमा ऋण दिने गरेको छ। उक्त व्याज रकम आफ्नै टोल विकास संस्थामा फिर्ता भई आउने हुनाले ऋणको व्याज बढी नभएको कुरा टोल सदस्यहरु बताउंछन् । त्यस्तै टोल विकास संस्थाको सम्पूर्ण घरधुरीहरुको बैठकबाट माग अनुसारको ऋण दिन अपुग भएमा नगरपालिका साझेदारी शाखासंग पनि ऋण माग गर्ने गरेकाछन् । यसरी प्रदान गरिएको बचत रकमको ऋण समयमा असुल हुने गरेको छ । त्यस्तै नगरपालिकाद्वारा गरिबी न्यूनीकरणका लागि प्रदान गरिने ऋण समयमा उठ्ने गरेको र कुनैपनि

टोलमा समय नाघेको अवस्था नरहेको कुरा गाउंनगर साझेदारी शाखाका वित्त सहायक हेमन्त गुरुङ बताउनुहुन्छ ।

यसरी हेर्दा बचतकर्ताबाट पनि गरिबी न्यूनीकरणमा प्रत्यक्ष टेवा पुगेको छ । बचत भएको रकम स्थानीय समुदायका सदस्यहरुले परिचालन गरेकाछन् । यसबाट समुदायका सदस्यहरु बीच विश्वासको वातावरण पनि सृजना भएको छ । बचत कार्यले समुदायमा आपसी समझदारी र समन्वय बढाउन सहयोग गरेको छ ।

## ५.५ टोल विकास संस्थाको अपरिहार्य र चुनौतिहरु

### ५.५.१ अपरिहार्यता

यस शीर्षकले टोल विकास संस्था किन आवश्यक छ ? भन्ने प्रश्नलाई इङ्गित गरेको छ । वास्तवमा टोल विकास संस्थाको काम र जिम्मेवारी व्यापक अनि विस्तृत छ । टोल विकास संस्था स्थानीय विकासको सवल माध्यम हो । वर्तमान समयमा जनसहभगिता जुटाउनको लागि यो संस्था सफल भएको छ । सुशासन, पारदर्शी विकास र गरिबी न्युनीकरणका साथै जनसचेतना विस्तारमा टोल विकास संस्थामा अहिले अग्रस्थानमा छन् । वर्तमान शहरी समाज वास्तवमा नै नितान्त एक्लो छ । एउटै समाजमा बस्नेहरुका बीच धनी र गरीब, शिक्षित र अशिक्षित लगायत जस्ता सवालले गर्दा सम्बन्ध छैन । आपसी सहयोग र सद्भाव बाड्ने फुर्सद कसैसंग छैन । एउटै घरको भिन्न भिन्न कोठामा बस्ने बीच पनि आपसी सम्बन्ध हुंदैन । तसर्थ यस्तो विषम परिस्थितिमा जन्मेको टोल विकास संस्थालाई सबैले मिलेर अगाडि बढाउनुपर्दछ । अध्ययनका क्रममा यि शहरी बासिन्दाहरुको बीच आपसी समझदारी प्रत्येक घरको प्रत्येक घरसंग सम्बन्ध, आपसी भाइचाराको विकास टोल विकास संस्थाले गरेको छ । त्यसैले पनि टोल विकास संस्थाको आवश्यकताको अपरिहार्यतालाई निम्न बुंदाहरुले पुष्टी गर्दछ ।

१) प्रत्येक घरहरु बीच आपसी सम्बन्ध बढाउन,

२) गरिब तथा पिछडिएको वर्गलाई अगाडि बढाउन,

३) समाज परिचालनद्वारा शहरको विकास गर्न,

४) जातीय पहिचान कायम गर्न र जातीय पेशाको संरक्षण गर्न,

५) लैङ्गिक विभेदको अन्त्य गर्न,

६) मानव अधिकारको रक्षागर्न,

७) सूचना र संचारको पहुंच सबैमा पुर्‍याउन,

८) गरिब र धनी बीचको अन्त्य गर्न,

९) आयआर्जमूलकको विकल्पको खोजी गरी शहरी गरिबी न्यूनीकरण गर्न,

१०) जातिय, धार्मिक, आर्थिक र पेशागत सहिष्णुताको विकास गर्न,

११) शहरी समस्या पहिचान गरी न्यूनीकरणको बाटो खोज्नु,

१२) नगरपालिका विकास योजना तर्जुमा गरी विकासमा सहयोग गर्ने,

१३) स्थानीय वासिन्दालाई जागरुक, क्रियाशील र कर्तव्यनिष्ठ बनाउन,

१४) समाजमा भाइचारको वातावरण सजना गर्न,

१५) समग्रमा राष्ट्र उत्थानका लागि सुशासन र विकास गर्न ।

स्रोतः कंडेलः २०६६

## ५.५.२ चुनौति

समाज परिचालन र विकासलाई पुरक मानिन्छ किनभने स्थानीय समस्या पहिचाहनदेखि समाधानको उपायको जानकारी उनीहरुलाई हुन्छ । त्यसैले विकासका लागि टोल विकास संस्था समयको माग हो । संस्था भित्र मुर्त अमुर्त समस्या र संस्था स्वयंका चुनौतिहरु धेरै छन् । वास्तवमा टोलको समस्यालाई नगरपालिकाको समस्या मानिएको छ । नगरपालिकाले प्रयास गर्दागर्दै पनि टोलका चुनौतिहरु न्युन हुन सकेका छैनन् । संस्थामा आवद्ध व्यक्तिहरुले नै संस्थागत चुनौतिहरुको सामना गरेका छन् । गतिशील र आवश्यक संस्था भएपनि कतिपयले न्युनस्तरको संस्था भनी अदूरदर्शी विचारको माग टोल विकास संस्थालाई परेको छ । टोलका सबै बासिन्दाको सहयोगको अभावले यि संस्थाहरु चाहेजति अगाडि बढ्न सकेका छैनन् । टोल विकास संस्था एक सामाजिक संस्था भएकोले यसको महत्वका साथै काम, कर्तव्य र अधिकार संस्थाको सदस्यमानै निहित रहने अवस्था भएपनि टोल विकास संस्थाका सदस्यहरुलाई टोल विकास संस्थाको निश्चित अधिकार नभएका कारण एक चुनौतिको रुपमा रहेको पराशर टोलका सदस्य खिनसरी गुरुङ बताउंछिन । टोलको क्षेत्र निर्धारणमा असहज स्थितिको सृजना हुनु, टोल विकास संस्थालाई कतिपय व्यक्तिले सकारात्मक रुपमा नहेर्नु, बचत कार्यक्रममा उचित मार्ग निर्देशन नभएकाले परिचालन गर्न तथा त्यसको उचित व्यावस्थापन गर्न सहज वातावण नदेखिनु, कतिपय संस्थाका सदस्यहरुमा अझै आफ्नो श्रम, योगदान र काम आफ्नै टोलका लागि भन्ने अवधारणको विकास नहुनु पनि टोलका चुनौति भएको बुद्धपार्क टोलका अध्यक्ष बताउनुहुन्छ । टोल विकास संस्थाका सदस्यहरुको ईच्छा र चाहना बढी रहेको अवस्थामा नगरपालिकाद्वारा उपलब्ध हुने विकास बजेट न्यून हुनु, टोल विकास संस्थाबाट आवश्यकता ठानी माग गरिएका कार्यक्रम तथा योजनाहरुमा राजनैतिक पार्टीबाट काटछाँट तथा कटौति हुनु जस्ता चुनौति टोल विकास संस्थामा रहेका छन् ।

माथि वर्णन गरिएका सबै समस्यहरुलाई टोल विकास संस्थाका चुनौति मान्न सकिन्छ । विभिन्न आरोह अवरोह पार गर्दै टोल विकास संस्थाहरु स्थापित भएको वास्तविकतालाई नकार्न सकिदैन ।

# परिच्छेद छ

# बुद्धपार्क टोल विकास संस्थाले गरिबी न्युनिकरणमा ल्याएको प्रभाव र यसको विवरण

## ६.१ परिचय

व्यास नगरपालिकाको वडा नं १० मा गठन भएको टोल विकास संस्थामध्य बुद्धपार्क टोल विकास संस्था पनि एक हो । व्यास नगरपालिकामा २०५५ सालमा गाँउनगर साझेदारी विकास कार्यक्रम लागु भएपछि वडाको सबैभन्दा पहिला २०५६ साल बैशाख ३ गते गठन भएको टोल विकास संस्था हो । यस टोल विकास संस्थामा मगर जातिको बाहुल्यता बढी छ । दमौली बजारको सबैभन्दा तल्लो भागमा पर्ने यस टोल विकास संस्थाको सिमाना उत्तरमा देउरालीनगर टोल, दक्षिणमा मादीनदी, पूर्वमा बुल्दीखोला र पश्चिमा पुलचोक टोल विकास संस्थाको सिमानामा पर्दछ । यस टोल विकास संस्थामा सबैभन्दा पहिला अध्यक्ष कृष्णबहादुर परियार चयन हुनु भएको थियो । त्यसपछि चन्द्रबहादुर थापा मगर हुदै हाल यस टोलका अध्यक्ष नन्दबहादुर थापा मगर हुनुहुन्छ । शुरुमा टोल विकास गठन हुंदाको बखत ५६ घरधुरी रहेको थियो भने हाल यस टोल विकास संस्थामा ६३ घरधुरी रहेको छ । यस टोल विकास संस्थामा २०५६ साल देखि नै नियमित बचत कार्यक्रम पनि संचालन भएको छ । यस टोल विकास संस्था वडा नं १० का अन्य टोल विकास संस्थाको तुलना गर्दा सबै भन्दा गरिबहरु बसेको टोल हो । टोल विकास संस्थाका अत्यधिक सदस्यहरु शुरुमा गिटी कुट्ने र ढलानमा काम गर्नेको संख्या बढि रहेको थियो भने टोल विकास संस्था गठन भएको तिन चार बर्ष पछि यो व्यवसाय परिर्वतन गरी अन्य व्यवसायमा लाग्नेको संख्या उल्लेख्य रहेको छ ।

**यस टोल विकास संस्थामा हाल रहेका कार्य समितिको विवरण निम्नानुसार रहेको छ :**

अध्यक्ष : श्री नन्दबहादुर थापा मगर

उपाध्यक्ष : श्री मनिसरा थापा मगर

सचिब : श्री झलकबहादुर आले

कोषाध्यक्ष : श्री गालु रानामगर

सदस्य : श्री ताराबहादुर गुरुङ्ग

सदस्य : श्री प्रेमबहादुर राना

सदस्य : श्री दिलमाया थापा मगर

यस टोल विकास संस्थाको मासिक नियमित बैठक प्रत्येक महिनाको पहिलो शनिबारका दिन बस्ने गर्दछ । बैठकको दिनमा टोलका समस्यहरु र विकास निर्माणका बारेमा छलफल भइसके पछि ७३ जनाको बचत संकलन गर्ने कार्य हुन्छ । यस टोल विकास संस्थामा ६३ घरधुरी भएता पनि संस्थाको नियम अनुसार केहि घरका २ जनाले पनि समान बचत रु,१००। संकलन गर्ने गरेका छन् । हालसम्म यस संस्थाको कूल बचत रकम रु.१,५१,२००। रहेको छ जसमा महिला ३७ जना र पुरुष ३६ जनाको बचत संकलन गरिन्छ । उनीहरुले यो बचत २ बर्षको साँबा व्याज समेत जोडेर छुट्टै बचत खातामा रेकर्ड राखेका छन् । दुई बर्ष अघि प्रत्येक सदस्यलाई २५,०००।० पच्चीस हजारका दरले बचत वितरण गरी पुनः बचतलाई निरन्तरता दिदै आएका छन् । यसरी बचत समय समयमा बाढ्नु पर्ने बाध्यता किन छ भने बचतको रकम अत्यधिक हुंदा उक्त बचत रकमलाई व्यवस्थित गर्न कठिनाई भएका कारण समय समयमा वितरण गर्नु परेको कुरा नन्द थापा बताउनु हुन्छ । यो बचतलाई मासिक १८ प्रतिशतका दरले पुरै लगानी भएको छ । लगानीबाट प्राप्त व्याज उनीहरु समान रुपमा सबै सदस्यहरुलाई वितरण गर्दै आएका छन् । प्रत्येक तिन तिन महिनामा साँबा व्याज अनिबार्य टोलमा भुक्तानी गर्नु पर्ने बचत नीतिमा रहेको छ ।

## ६.२ टोलबाट सञ्चालित गतिविधिहरु

यस टोल विकास संस्थामा नियमित बचत संकलनदेखि लिएर नगरपालिकाद्वारा प्रत्येक नगरपरिषदबाट योजना छनौटका आधारमा योजनहरु संचालन भएका छन् । व्यास नगरपालिकाले प्रत्येक वडालाई टोल विकास संस्थाहरुको निर्णय अनुसार ३ लाख रुपैयाको योजना छनौट गर्ने नीति अनुसार यस टोल विकास संस्थाले खानेपानी योजना संचालन रु.५० हजार, त्यस्तै नाला निमार्ण योजना, सडक ग्राभेल लगाएतका योजना संचालन गर्दै आएका छन् । नगरपालिका साझेदारी शाखाबाट गरिबी न्यूनीकरणका लागि प्रदान गर्ने

विभिन्न तालिमहरु र व्यवसाय संचालनका लागि ऋण समेत माग गरी आफ्ना गरिब सदस्यहरुलाई व्यवसाय संचालनको लागि लगानी गरेका छन् ।

## तालिका नं. ६.१

**बुद्धपार्क टोलमा गरिबी न्युनीकरणका लागि संचालन गरिएको तालिम**

| क.सं. | तालिमको नाम | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | म. | पु. | |
| १. | उद्यम व्यवस्थापन | २२ | १२ | ३४ |
| २. | नेतृत्व विकास | ७ | ८ | १५ |
| ३. | सिप विकास | ९ | ५ | १४ |

स्रोतः बु.टो.वि.सं. (२०७० भाद्र ३)

त्यस्तै नगरपालिकाबाट ससाना योजना संचालन गरी गरिबी न्युनिकरणमा सहयोग पुग्ने योजनाहरुको लागि सहयोग पुगेको छ ।

## तालिका नं. ६.२

**बुद्धपार्क टोल विकास संस्थामा संचालन भएका विकास निमार्ण योजनाको विवरण**

| क.सं. | योजनाको नाम | लागत सहभागीता | | जम्मा रकम रु, |
|---|---|---|---|---|
| | | न.पा. | टोल | |
| १. | लिफ्टिङ्ग खानेपानि योजना | ७०,००० | ३२,००० | १,०२०००। |
| २. | सडक ग्रावेल योजना | १५,००० | ७,००० | २२,०००। |
| ३. | पक्कि नाला निमार्ण योजना | ४,०२,५०० | १,७२,५०० | ५,७५,०००। |
| ४. | सरसफाई बकेट वितरण कार्यक्रम | ७,३२३ | २४४२ | ९७६५। |
| ५. | सबदाह घाँट व्यावस्थापन | ३५,००० | ० | ३५,०००।० |
| ६. | नाला सरसफाई योजना | १२,००० | ५००० | १७,०००। |

स्रोतः वृ.टो.वि.सं. (२०७० भाद्र २२ )

यि योजना वाहेक सडक बत्ति मर्मत तथा नयाँ जडान सरफाईका कार्यक्रमहरु पनि यस टोल विकास संस्थाले नगरपालिकासँग आवश्यकताअनुसार माग गरी कार्यान्वयन हुदै

आएको छ । विशेष गरी यस टोल विकास संस्थामा बसोबास गर्ने टोल बासीहरु गरिबीको रेखामुनि रहेका छन् । यस टोलमा सुकुम्बासी समस्य पनि त्यतिकै चुनौतिको रुपमा रहेको छ । तर पनि नगरपालिकाद्वारा संचालन हुने योजनाहरुमा लागत तथा जनसहभागिता हुँदै आएको छ । उनीहरु आफ्नो टोल आफै बनाउनुपर्ने भन्ने मान्यतामा रहेका छन् । यस टोल विकास संस्थाले नगरपालिकाद्वारा संचालन हुने विभिन्न कियाकलापहरु जस्तै खुल्ला दिसामुक्त क्षेत्र घोषण, सरसफाई कार्यक्रम, सार्वजनिक जग्गा संरक्षण, धार्मिक स्थानहरुको संरक्षण गर्ने जस्ता टोल सुधार गतिविधिहरु समेत बुद्धपार्क टोल विकास संस्थाले गर्दै आएको छ । टोल विकास संस्था गठन भए पश्चात नगरपालिकाद्वारा सहभागितामूलक नगर योजना तर्जुमा प्रकिया अनुसार टोल भेलाबाट योजना छनौट गर्ने, टोल भेलाबाट छनौट भएका योजना वडा भेलामा प्रस्तुत गर्ने र वडा भेलामा आफ्नो टोल विकास संस्थाको योजना वडा भेलाद्वारा नगरपालिका हुदै नगरपरिषदमा लैजानको लागि छनौट प्रकियामा सकिय भूमिका निर्वाह गर्दै आएको छ । यहि प्रकिया अनुसार बुद्धपार्क टोल विकास संस्थाले आफ्नो टोल विकास संस्थामा योजना कार्यान्वयन गर्दै आएको पनि छ ।

## ६.३ बुद्धपार्क टोल विकास संस्थामा गरिबी न्यूनीकरणमा आएको प्रभावको विवरण

बुद्धपार्क टोल विकास संस्था व्यास नगरपालिकामा जव गरिबी न्यूनीकरणका लागि गाँउनगर साझेदारी कार्यक्रम मार्फत साझेदारी शाखाले वडा वडामा टोल विकास संस्था गठन गर्ने कममा वडा नं १० मा सबैभन्दा पहिला २०५६ सालमा गठन गरिएको टोल विकास संस्था हो । यस टोल विकास संस्थामा स्थलगत घरधुरी सर्वेक्षण गर्दा निम्न घरधुरी र पेशा व्यवसाय गरी टोल सदस्यहरु गरिबी न्यूनीकरण गरी सुधार गरेको पाइयो । जसलाई देहाए बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न. ६.३**

| क.श. | घरमुलीको नाम | परिवार संख्या | | टोल गठन पहीलाको पेशा अवस्था | टोल गठन पछीको पेशा अवस्था |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| १ | दिलमाया थापा मगर | २ | २ | ढलानको काम | तरकारी पसल |
| २ | धना थापा मगर | २ | २ | घरको काम | निर्माण मिस्त्री |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मायादेवी रानाभाट | ४ | १ | घरको काम | घरको काम |
| ४ | रामबहादुर परियार | १ | १ | मजदुर | घरनिर्माण ठेक्दार |
| ५ | सिरु कल्याड मगर | ३ | २ | | वैदेशिक रोजगार |
| ६ | केशबहादुर राना मगर | १ | २ | जागीर | समाजसेवा |
| ७ | हर्कबहादुर राना मगर | २ | २ | गिटी कुट्ने | खसीबोका व्यापार |
| ८ | चन्द्रबहादुर थापा मगर | १ | २ | ढलानको काम | निर्माण मिस्त्री |
| ९ | मैना थापा मगर | ४ | १ | घरको काम | निर्माण मिस्त्री |
| १० | रामबहादुर श्रेष्ठ | २ | २ | सिर्कमी | बंगुरपालन |
| ११ | केशबहादुर वि.क. | २ | २ | लेबर | मिस्त्री |
| १२ | तामसिहं सारु | २ | २ | लेबर | वैदेशिक रोजगार |
| १३ | पदमबहादुर राना | ३ | २ | बैदेशिक रोजगार | समाज सेवा |
| १४ | कमलबहादुर आले | २ | २ | पेशा नभएको | मासु पसल |
| १५ | श्रीकुमार श्रेष्ठ | २ | २ | पेशा नभएको | पाउरोटी उधोग |
| १६ | झलक बहादुर आले | ३ | २ | | मासु पसल |
| १७ | मनिशरा थापा मगर | २ | २ | घरको काम | तरकारी व्यापार |
| १८ | कुलबहादुर गुरुड. | ३ | २ | मिस्त्री | वैदेशिक रोजगार |
| १९ | रमिला गुरुड. | २ | २ | घरको काम | घरको काम |
| २० | छाँयाबहादुर लामा | २ | २ | साधारण काम | तरकारी पसल |
| २१ | गैडी गुरुड. | ३ | १ | घरको काम | घरको काम |
| २२ | ताराबहादुर गूरुड. | २ | २ | ढलानको काम | मिस्त्री |
| २३ | नन्दबहादुर थापा मगर | ३ | २ | कर्मचारी | कर्मचारी |
| २४ | प्रेमबहादुर राना | २ | १ | घरको काम | काठ उधोग |
| २५ | रामकुमार थापा | २ | २ | लेबर | खशि बोका व्यपार |
| २६ | बेलबहादुर वि.क. | ४ | २ | ढलानको काम | मिस्त्री |

| | | | | | |
|---|---|---|---|---|---|
| २७ | गालु राना मगर | ३ | १ | घरको काम | समाज सेवा |
| २८ | ईन्द्रबहादुर वि.क. | २ | १ | ढलानको काम | ठेक्दारी |
| २९ | इन्द्रमाया गुरुङ. | २ | २ | साधारण काम | ठेक्दारी |
| ३० | मोतीलाल वि.क. | २ | २ | लेबर | किराना पसल |
| ३१ | सावित्री थापा क्षेत्री | २ | २ | घरको काम | घरको काम |
| ३२ | मिनबहादुर सारु | १ | २ | | वैदेशिक रोजगार |
| ३३ | क्या. रामबहादुर थापा मगर | २ | १ | भू.पु. सैनीक | समाज सेवा |
| ३४ | खिन्सरी गुरुङ. | २ | २ | ठेला व्यापार | तरकारी होलसेल |
| ३५ | गजकोटे आमा | २ | २ | घरको काम | घरको काम |
| ३६ | धनमाया गिरी | १ | २ | घरको काम | घरको काम |
| ३७ | केशरी थापा | २ | १ | ढलानको काम | धागो पसल |
| ३८ | श्रीमाया आले | १ | २ | घरको काम | सिलाई पसल |
| ४९ | भगवानसिह गुरुङ. | २ | २ | मिस्त्री | ठेक्दार |
| ४० | यमबहादुर बराल मगर | २ | २ | साधारण काम | वैदेशिक रोजगार |
| ४१ | मोतीसरा थापा मगर | २ | २ | घरको काम | घरको काम |
| ४२ | वावुचा शाही | २ | २ | मासु पसल | मासु पसल |
| ४३ | लक्ष्मण वि.क. | २ | १ | ढलानको काम | लेबर |
| ४४ | ज्ञानप्रसाद भटराई | ३ | २ | कर्मचारी | समाज सेवा |
| ४५ | देवनारायण श्रेष्ठ | २ | २ | साभारण काम | बस ड्ईभर |
| ४६ | जयबहादुर लामा | २ | २ | साधार काम | जुस पसल |
| ४७ | लक्ष्मी परियार | २ | २ | ढलानको काम | लेबर काम |
| ४८ | मुक्तिनाथ सारु | २ | १ | सडक व्यापार | तरकारी पसल |
| ४९ | मधुमाया परियार | १ | २ | घरको काम | समाज सेवा |
| ५० | सावित्री परियार | २ | २ | साधार काम | ठेला व्यापार |
| ५१ | देवबहादुर थापा | २ | २ | मिस्त्री | वैदेशिक रोजगार |

| | | | | | |
|---|---|---|---|---|---|
| ५२ | मुक्तिनाथ खनाल | ३ | १ | वकिल | वकिल पेशा |
| ५३ | कृष्णबहादुर वि.क. | २ | २ | ढलानको काम | फलफुल पसल |
| ५४ | नविन थापा मगर | २ | २ | लेबर | किराना पसल |
| ५५ | गुटबहादुर थापन मगर | २ | २ | वैदेशिक रोजगार | समाज सेवा |
| ५६ | निरमाया राई | २ | २ | घरको काम | ठेला व्यापार |
| ५७ | देवबहादुर थापा | २ | ३ | ढलानको काम | वैदेशिक रोजगार |
| ५८ | मन्जली आले | २ | २ | घरको काम | खुद्रा पसल |
| ५९ | सकुन्तला आले | २ | २ | ठेला व्यापार | ठेला व्यापार |
| ६० | दिलमाया परियार | १ | २ | ढलानको काम | ढलानको काम |
| ६१ | खोलुजा गिरी | १ | ३ | घरको काम | घरको काम |
| ६२ | राकु थापा मगर | २ | २ | मिस्त्री | वैदेशिक रोजगार |
| ६३ | सोमबहादुर वि.क. | २ | १ | ढलानको काम | मिस्त्री |
| | | १३७ | ११५ | | |

स्रोतः स्थलगत सर्वक्षण (२०७० अशोज ३)

यसरी पेशा व्यवसायमा परिवर्तन गरी आफ्नो आम्दानी बृद्धि गरेको कुरा टोल सदस्य नविन थापा मगर बताउनुहुन्छ । त्यस्तै सावित्री परियारले शुरुमा टोलबाट रु.१५ हजार ऋण लिएर ठेला खरिद गरी व्यवसाय शुरु गरेकी परियार उक्त ऋण भुक्तानी गरी पुन ५० हजार ऋण लिई ठेला व्यवसायबाट मासिक रु.७ हजार कमाउन सकेको कुरा बताउंछिन् ।

## १) पेशा व्यवसायमा परिर्वतन

यस टोल विकास संस्थामा प्रत्यक्ष अन्तरवार्ता तथा स्थलगत घरधुरी सर्वेक्षण गरी अध्ययन गर्दा बुद्धपार्क टोल विकास संस्था गठन हुनु पूर्वको पेशा व्यवसाय र टोल विकास संस्था गठन पश्चातको पेशा व्यवसायमा धेरै सुधार भएको वा पेशा नगरेकाले पेशा गरेको पेशा गरेकाले आय मूलक पेशा परिर्वतन गरी विगतको तुलनामा स्वलगानी तथा ऋण लगानी गरी आय आम्दानीमा बृद्धि गरेको अध्ययनको विश्लेषणबाट देखिन्छ । तसर्थ टोल विकास संस्थाले आफ्ना सदस्यहरुलाई जनचेतना जगाउने, उनीहरुको आन्तरिक क्षमतामा बृद्धि गर्ने, उद्यमशीलताको विकास गराउनुको साथै टोल संस्थाको बचतबाट ऋण प्रवाह गर्ने त्यस्तै नगरपालिका साझेदारी शाखाबाट समेत ऋण माग गरी आफ्नो व्यावसायमा लगानी गरी सो व्यावसायबाट आम्दानीमा वृद्धी गरेर गरिबीको रेखाबाट सुधार गराउन सफल भएको यस अध्ययनले देखाउछ ।

## २) जनचेतनामा आएको परिर्वतन

जुन बेला टोल सदस्यहरुमा लगानी गर्ने पुँजीको अभाव थियो । यो अभावलाई टोल विकास संस्था गठन भएपछि बचत रकमका अतिरिक्त नगरपालिकाबाट समेट ऋण प्राप्त गरी यो अभावलाई पुरा गरेको कुरा टोल सदस्यहरु बताउनछन् । त्यस्तै उनीहरुलाई कुन व्यवसायबाट बढी नाफा आर्जन गर्न सकिन्छ भन्ने ज्ञान थिएन त्यसलाई पनि टोल विकास संस्थाबाट उद्यमशीलता तालीमबाट जानकारी भई उनीहरुको क्षमतामा विकास हुन गयो । जसका कारण बुद्धपार्क टोल विकास संस्थाका ६३ घरधुरीका सदस्यहरु आज कुनै न कुनै पेशा व्यवसाय गरी आफ्नो दैनिक खर्च टार्न सकेका छन् जुन टोल विकास संस्थाले गरिबी न्यूनीकरणमा ल्याएको परिर्वतन हो ।

## ३) शिक्षामा आएको परिर्वतन

यस टोल विकास संस्थाका कुनै पनि सदस्यको बालबालिका कुनैन कुनै विद्यालयमा भर्ना भई अध्ययन गरेका छन् । यस टोल विकास संस्था नजिक रहेको शिवपाञ्चायन निमाविमा अग्रेजी माध्ययममा पढाई हुने गरेको छ । टोल सदस्य निरमाया राईका २ छोरीहरु हाल बोडिङ स्कुलमा पढ्दै आएकाछन् भने अन्य सदस्यका छोराछोरीहरु पनि विद्यालयमा भर्ना भई अध्ययन गरिरहेकाछन् ।

## ४) सरसफाईमा आएको परिर्वतन

टोल विकास संस्था गठन हुनुभन्दा अगाडि टोलका सबै सदस्यहरुले शौचालय अनिवार्य रुपमा निमार्ण गरेका थिएनन् तर टोल विकास संस्थाको सहयोग र नगरपालिकाको सहयोगमा सम्पूर्ण घरधुरीमा शौचालय बनेका छन् । आज नगरपालिकानै खुल्ला दिशामुक्त घोषणा भएको छ ।

## ५)आम्दानीमा आएको परिर्वतन

टोलका सबै सदस्यको आय आम्दानी विगतको तुलनामा बृद्धि भएको छ । होजोका दिनमा दैनिक २०० सय कमाउनेले आज ५०० सय भन्दा बढि आम्दानी गरेको अवस्था रहेको छ । जसलाई हामी उनीहरुको आयमा आएको परिर्वतन भन्न सक्छौ । यसै सन्दर्भमा टोल सदस्य दिलमाया थापा मगर विगतमा घर व्यवहार गर्न गाह्रो परेको तर टोल गठन पश्चात् ऋण प्राप्त गरी व्यवसाय गरी मासिक रु.५ हजार आम्दानी गरी घर व्यवहार संचालन गर्न सजिलो भएको बताउंछिन् ।

# परिच्छेद सात

# अध्ययनको सारांश, निष्कर्ष र सुझावहरु

## ७.१ अध्ययनको सारांश

स्थानीय विकास स्थानीय वासिन्दाहरु कै पहलमा संभव हुन्छ । ग्रामीण क्षेत्रको तुलनामा सहरको समुदाय परिचालन गर्न गाह्रो हुन्छ । शहरी समाजलाई परिचालन गर्ने प्रक्रिया फरक फरक छन् । विविधताले पूर्ण शहरी समाज वास्तवमानै विभिन्न विचार भएकाहरुको साझा वासस्थान हो । यस्तो समाजलाई एकीकृत रुपमा अगाडि बढाउनु चुनौतिपूर्ण कार्य हो । यो चुनौतिको सामाना टोल विकास संस्थाहरुले गरेको पाइन्छ । सहरको व्यस्त र एक्लो जीवन, नयाँ प्रविधि र वातावरणको प्रभाव तर सद्भावको अभावले गर्दा शहरिया जीवन जटिल र कठिन बन्दै गएको अवस्थामा टोल विकास संस्थाहरुले भिन्न भिन्न प्रकितिको समाजलाई एउटै मालामा गाँस्न सफल भएको छ । तिब्र जनसंख्याको चाप, बढ्दो बेरोजगारी र यसले उब्जाएको अनेकौं समस्याहरुले गर्दा शहरी सभ्यतामा प्रश्न चिन्ह समेत लाग्ने गरेको छ ।

समाज परिचालनद्धारा सामाजिक विकासलाई अगाडि बढाउन यस संस्थाले स्थानीय स्तरमा टोल विकास संस्थाको गठन गरी टोल विकास संस्थालाई व्यापक रुपमा परिचालन गरेको छ । नगरपालिकाले टोल विकास संस्थामा आवद्ध सदस्यहरुलाई आवश्यक तालिम दिने, मार्गनिर्देश गर्ने, सहयोग र सद्भाव बाँड्ने काम यस संस्थाले गर्दै आएको अध्ययनबाट पाइन्छ । समाज एक भए सामुहिक समस्या न्यूनीकरण गर्न सकिन्छ भन्ने भावको विकास नागरिक समाजसम्म पुर्‍याउने काम टोल विकास संस्थाको ठूलो उपलब्धि हो । शहरी सुशासनको विस्तार, नगरपालिका योजना तर्जुमा, मानव संशाधन विकास, नगर सूचना केन्द्रको विकास, स्वास्थ्य सचेतना, लैगिंक समानता, जातिय विभेदको अन्त्य जस्ता महत्वपूर्ण मुद्दामा सफलता हाँसिल गरेको छ । टोल विकास संस्थाले जनसहभागिता, सामाजिक भावना, आपसी मेलमिलाप, नेतृत्व विकास, आत्मर्निभरताको विकास, पूँजीको विकास, सीपको विकास, संगठनको विकास र विस्तारका लागि टोल गठन भई आफ्नो उद्देश्य अनुरुप कार्य गर्दै आएकाछन् । नगरपालिकाको लक्ष्य अनुरुप नै टोल विकास संस्थाले स्थानीय विकासका लागि पाइला अघि सारेको हुन्छ ।

टोल विकास संस्थाले समृद्ध सहर निर्माणमा सहयोग गर्ने हुँदा यस संस्थालाई अहिलेको अपरिहार्य संस्थाको रुपमा स्वीकार गर्नुपर्दछ । सबैको सहयोग र सद्भावले नै यस प्रकारका संस्थाहरु गतिशील हुने तथ्यलाई शहरवासीहरुले भुल्न नहुने तथ्यलाई यस शोध अध्ययनले स्मरण गराउँछ । गरिबी न्यूनीकरणमका लागि क्रियाशशिल रहेका टोल विकास संस्थाहरुले स्थानीय जनमानसलाई प्रत्यक्ष प्रभाव पारेको छ । टोल विकास संस्थाले पिछडिएको वर्ग, समुदाय, लिङ्ग, जातजातिका व्यक्तिहरुलाई अगाडि बढाउने जस्तो प्रशंसनीय कार्य गरेको छ । खास गरी विभेदको अन्त्य टोल विकास संस्थाको सबल पक्ष हो । अर्कोतर्फ टोल विकास संस्थाको माध्यमद्वारा नगरको गतिविधिलाई अगाडि बढाउन नगरपालिकालाई समेत सहज भएको छ । समावेशी, एकरुपता, प्राथमिकीकरण, जनसहभागिता जस्ता सवालहरुमा नगरपालिकाकालाई टोल विकास संस्थाले सहजीकरण संगै आफ्नो सक्रिया पनि बढाएका छन् । नगरपालिका साझेदारि विकास शाखाले टोल विकास संस्थामार्फत उद्यम विकासका लागि ऋण प्रवाह, सीप विकास, तेतृत्व विकास सम्बन्धी तालिमहरु दिएर गरिब परिवारको जीवनस्तरमा परिर्वतन गरी गरिबी न्यूनीकरणमा पनि प्रभाव ल्याउन सहयोग गरेको छ । समाजमा रहेको व्यक्तिहरुमा बोल्ने कलाको विकास गराउने, आफ्नो कुरा खुलेर राख्न सक्ने, आपसी सहयोग र सद्भावले कार्य गर्ने वातावरणको सृजना गराउने, आपसी छलफलबाट सामुहिक रुपमा समस्या समाधान गराउने, आफ्नो टोल विकासका लागि सम्बन्धित निकायमा कुरा राख्ने जस्ता महत्वपूर्ण दक्षताको विकास टोल विकास संस्थाले गर्ने हुँदा टोल विकास संस्थाको प्रभावकारिता बढ्दै गएको छ । नगरपालिका गा.न.सा.वि.शाखाले टोल विकास संस्थको गठन प्रक्रिया आरम्भ गर्दा विश्वास नगर्ने नगरवासीहरुले पनि वर्तमानमा सकरात्मक धारणा राखेका छन् । यति मात्र नभई उनीहरुले संस्थाको संस्थागत विकासका लागि सक्दो सहयोग पनि गरेका छन् ।

माल पाएर चाल नपाउने हामीहरुले अझै पनि टोल विकास संस्थालाई हाम्रा लागि सदुपयोग गरेको छैनौ । स्थानीय विकासका लागि सरकार र अन्य संघ संस्थाहरुको मुख ताक्नु भन्दा आफु जागरुक र चेतनशील हुनु विकासको पहिलो कदम हो । यस सकारात्मक कदमलाई अगाडि बढाउन टोल विकास संस्थालाई नगरपालिकाले सहयोग गरेको छ । स्थानीय गरिबी न्यूनीकरण, सुशासनको पहल, नागरिक सचेतना, उद्यमशिलता विकास, संस्थागत विकास जस्ता कार्यहरु टोल विकास संस्थाले गर्दै आएको छ । व्यास नगरपालिकाका टोल विकास संस्थामा अध्ययन गर्ने क्रममा पाएका मूख्य मूख्य प्राप्तिहरुमा

टोल विकास संस्थामा संस्थागत विकास भएको छ । टोल विकास संस्थामा जनचेतनामूलक कार्यक्रमहरु जस्तै सरसफाइ, विभिन्न तालिम संचालन गरी स्वरोजगार मूलक व्यवसायमा सदस्यहरु लागेको पाइन्छ । त्यस्तै टोल विकास संस्थाले आ-आफ्नो टोलमा गरिबीको रेखामूनि रहेका घरधुरीका सदस्यलाई जनचेतनामूलक तालिम प्रदान गरी ऋण उपलब्ध गरी व्यवसाय गर्न उत्प्रेरणा जगाएको पाइन्छ ।

## ७.२ अध्ययनको निष्कर्ष

शासन व्यवस्था, अर्थ, वित्त, सुरक्षा र व्यास नगरपालिको समग्र विकासमा राष्ट्रिय द्वन्द्वले प्रभाव पार्दा गरिबीको संख्यामा कमी आएको छैन । विभिन्न संघ संस्थाहरुले नेपालको शहरी गरिबी घटेका प्रतिवेदन बनाए पनि वास्तविकता यो होइन । गरिबी र शासन बीच सन्तुलन कायम गर्न लोकतान्त्रिक सरकारको अपरिहार्यतालाई सबै नेपालीहरुले स्वीकार गरिसकेका छन् । निष्पक्ष, पारदर्शी, जवाफदेही, जिम्मेवार शासन व्यवस्थामा जनताको पहुँच केन्द्रीय तहमम्म पुगेको हुन्छ । स्थानीय विकासमा पनि पारदर्शी शासन सफल हुन्छ । त्यसैले राज्यको प्रमुख अङ्गका रुपमा स्थानीय निकाय, संघ, संस्थाहरुलाई लिई अधिकार प्रत्याभूति गराउनु नै सुशासनको जग भएकोले यो व्यास नगरपालिका-१० का टोल विकास संस्थामा रहेको छ । आफ्ना आवश्यकताहरु आफै पहिचान गर्नु, स्थानीय स्रोत र साधनको समुचित प्रयोग गर्नु, सबै नागरिकले समान हक, अधिकार प्राप्त गर्न टोल विकास संस्थाहरु सहकार्य गर्दै आएका छन् ।

व्यास नगरपालिका गरिबीको संख्या बढ्दै जानु र सुशासनको विकास नहुनुमा राज्य र राजकीय नीति जिम्मेवार देखिन्छ । शासनसत्ताको स्वरुप केन्द्रीय हुनाले मुलुकमा असमानताको खाडलहरु विद्यमान छन् । केन्द्र र स्थानीय निकाय बीच स्रोत, शक्ति, अधिकार र कर्तव्यको न्यायोचित बाँडफाँड नहुनाले स्थानीय विकासमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । त्यसकारण राज्यको समग्र र सन्तुलित विकासका लागि विकेन्द्रिकृत शासन पद्धति आजको अनिवार्य शर्त बनेको छ । विकेन्द्रिकरणको सिद्धान्त अनुरुप स्थानीय निकायहरुलाई नीति निर्माणदेखि कार्यन्वयन तहमम्म क्रियाशील गराउनु अनिवार्य हुन्छ । नेपालको शासन व्यवस्थालाई प्रभावकारी नबनाउने हो भने सुशासन र गरिबी न्यूनीकरणको लक्ष्य प्राप्त गर्न

सकिने अवस्था छैन । एकात्मक शासन प्रणालीमा कार्यपालिका, न्ययपालिका र व्यवस्थापिका केन्द्र नियन्त्रित हुनाले प्रशासकीय कार्य पारदर्शी र निष्पक्ष हुदैन ।

स्थानीय निकायलाई प्रदान गरिएको शक्तिमा स्थानीय जनताको पहुँच कम हुन्छ । अर्कातिर विकेन्द्रीकरणको सिद्धान्तले स्थानीय जनतालाई शक्ति हस्तान्तरण गर्दछ । त्यसैले विकासका लागि विकेन्द्रीकृत शासन व्यवस्थालाई प्रजातन्त्रको आधार स्तम्भ मानिन्छ । यही मान्यतालाई केन्द्र मानेर स्थानीय निकायहरुलाई स्वायत्त र सशक्त बनाउन स्थानीय स्वायत्त शासन ऐन-२०५५ आएको देखिन्छ । यसले जनताका जनसरोकारलाई सहज रुपमा सम्बोधन गर्न सक्छ । स्थानीय निकायका सबै अधिकार केन्द्रकृत हुँदा जनसरोकारका अधिकांश सबालहरु समाधान हुन सक्दैनन् तर विकेन्द्रीत शासन व्यवस्थाले जनअधिकारका सवालहरुलाई समेट्ने हुँदा टोल विकास संस्था बढी प्रभावकारी मानिएका छन् । स्थानीय स्वायत्त शासन ऐन २०५५ ले नेपालमा स्थानीय निकायहरुलाई स्वायत्तता प्रदान गरेको छ, तर पनि यी निकायहरुले पूर्णरुपमा स्थानीय विकासका कार्यहरु स्वतन्त्र रुपमा गर्न भने पाएका छैनन् । अर्थात् स्थानीयस्तरका कार्यक्रमहरु केन्द्रबाट निर्देर्शित हुनाले आवश्यकताको पहिचान हुन सकेको देखिदैन । त्यसकारण स्थानीय विकासमा स्थानीय व्यक्तिहरुको सहभागितालाई स्वीकार गर्दै उनीहरुको पहुँच बृद्धिमा सबैले पहल गर्नु सार्थक हुन्छ । अन्यथा विकास निर्माणका सबै रणनीति, कार्यक्रम, योजना तथा परियोजनाहरु प्रभावकारी ढंगबाट संचालन हुन सक्दैनन् । अर्कातिर समस्याहरु दिनप्रतिदिन बढ्दै जान्छन् । गरिबीहरुको स्थान र अवस्थामा सुधार आउदैन । शहरी गरिबीहरुले भोग्दै आएका समस्यहरु निम्न देखिएका छन् ।

- आवासको समस्या,
- श्रम शोषण, यौन शोषण र घरेलु हिंसा,
- खाद्य र खानेपानीको समस्या,
- सामाजिक-सांस्कृतिक भेदभावको सामना,
- शिक्षा, स्वास्थ्य र सुरक्षा,
- वातावरणीय समस्या,

- जोखिमपूर्ण काम कम ज्यालामा गर्नुपर्ने,
- दिगो विकासमा समस्या,

यस अध्ययनबाट के प्रष्ट हुन्छ भने नगरपालिका निकटका टोल विकास संस्थाहरु भन्दा टाढा अथवा ग्रामिण परिवेशका र गरिबी क्षेत्रका टोल विकास संस्थाहरु संस्थागत उद्देश्य परिपूर्तिमा क्रियाशील देखिएका छन् । जसको प्रत्यक्ष उदाहरण यस नगरपालिका वडा नं १० का टोलहरुलाई लिन सकिन्छ । यस वडाका टोलहरु मध्ये ग्रामीण तथा गरिबी क्षेत्रका टोल जसमा बुद्धपार्क, देउरालीनगर, शान्तिनगर र पूलचोक टोल विकास संस्थाहरु अन्यभन्दा बढी क्रियाशील रहेको अध्ययनले देखाएको छ ।

गठित टोल विकास संस्थाहरुलाई व्यवस्थित, सुसंगठित रुपमा सञ्चालन गर्न स्थानीय वासिन्दाहरुको महत्वपूर्ण भूमिका रहन्छ तर टोल विकास संस्थाले आम नगरवासीहरुबाट अपेक्षा गरे अनुसारका सहयोग पाउन सकेका छैनन् । नगरवासीहरुलाई नागरिक जागरण र कर्तव्यबोध गराउनमा नगरपालिका पनि सक्रिय रुपमा लाग्नुपर्ने देखिएको छ । यसरी हेर्दा नगरपालिका टोल विकास संस्थाभित्र रहेका समस्याहरुलाई यस अध्ययनले शहरी गरिबी न्यूनीकरणका आयामबाट प्रष्ट पारेको छ ।

## ७.३ सुझाव

### ७.३.१ व्यास नगरपालिका र टोल विकास संस्थासँग सम्बन्ध

व्यास नगरपालिकाले स्थानीय वासिन्दाहरुलाई आफ्नो स्थापना कालदेखि आवश्यक सेवा सुविधा प्रदान गर्दै आएको छ । यस संस्थाको जिम्मेबारी व्यापक र विस्तृत छ । नगरको समग्र विकासमा क्रियाशील यस निकायका कतिपय कमिकम्जोरीहरु हटाउनु आवश्यक छ । यो संस्था केन्द्रीय कार्य नीतिको मार्गमा हिडेको छ । केन्द्रीय समग्र कार्य प्रणालीले यस नगरका सबै समस्याहरुलाई सम्बोधन गर्न सक्षम नभएको कारण अति आवश्यक काम पछि परेको गुनासो नगरवासीहरुको छ । केन्द्रीय शासन नीति अनुसार काम गर्ने परम्परागत शैली परिर्वतनको माग पनि उनीहरुको छ । त्यस्तै छिटो छरिटो रुपमा सेवाग्राहीहरुको काम गरे यस संस्थाको विश्वासनीयता अझै बढ्नसक्ने देखिन्छ । अहिलेको

परिवर्तित वातावरणमा पनि नगरपालिकाको कार्यशैलीमा परिवर्तन आएको पाइदैन, यसैले नगरपालिकाका जवाफदेही, पारदर्शी र निष्पक्ष रुपमा अघि बढ्न सकेको छैन ।

व्यास नगरपालिकामा गठन भएको टोल विकास संस्था समुदाय स्तरमा समुदायद्वारा समुदायका लागि क्रियाशील भई स्थानीय विकास गर्ने सेवामुखी निस्वार्थ संस्था हो । यस संस्थाको कार्य ढाँचा आफ्नै प्रकृतिको छ । अझ टोल विकास संस्थालाई प्रभावकारी रुपमा संचालन गर्न निम्नानुसारको बुँदागत सुझाव उल्लेख गरिएको छ ।

- स्थानीय विकास, सुशासन र गरिबी न्यूनीकरणका लागि जे जति काम यस संस्थाले गरेको छ वास्तवमा ती सबै आफ्नो संस्थामा आवद्धहरुको हितमा छ तर संस्था बाहिरका व्यक्तिहरुलाई पनि यसको सेवा प्रवाह गर्नसके संस्थाको दिगोपना बढ्ने देखिन्छ ।
- यस संस्था समानता, पारदर्शीता, जवाफदेहीता र संस्थागत विकासमा पर्याप्त रुपमा देखिए पनि कतिपय अस्पष्ट नीतिका कारण आफनो पहिचान व्यापक गर्न सकिरहेको छैन त्यसैले अझ प्रष्ट नीति हुन जरुरी छ ।
- यसको प्राविधिक कारण संस्थामा आवद्ध व्यक्तिहरुले खोज्नु आवश्यक छ । व्यास नगरपालिका शहरी क्षेत्रमात्र नभए अधिक वडाहरु ग्रामीण परिवेशका छन् । यसरी हेर्दा यस नगरपालिकामा ग्रामीण र शहरी दुबै क्षेत्रको समानुपातिक विकास हुन जरुरी छ ।
- यसका लागि नगरपालिकामा टोल विकास संस्था गठन पश्चात यो दुबै तहका क्षेत्रको विकासमा समानान्तर रुपमा विकास हुन जरुरी छ ।
- नगरपालिकाले शहरी टोल विकास संस्थाहरुको तुलनामा ग्रामीण टोल विकास संस्थाहरुमा संस्थागत विकास, भौतिक विकास लगाएत गरिबी न्यूनीकरणका लागि गरिएका विकास समानान्तर नभई ग्रामीण क्षेत्रलाई विषेश जोड दिनु पर्ने देखिन्छ ।
- वास्तवमा समस्यै समस्याको बीचमा जन्मेको यो संस्था नगरवासीहरुको सहयोगमा अगाडि बढेको भएतापनि कतिपय नागरिकहरु यस संस्थाको उद्देश्यबाट अनभिज्ञ छन् । त्यसैले अझ प्रभावकारी  बनाउन जरुरी छ ।

- निम्न आर्थिक अवस्था भएकाहरुलाई विचार र बाटो देखाउने काम गरे पनि त्यसको सदुपयोगको दीर्घता मापन गर्ने समय यस संस्थाले छुट्टाउनु पर्ने देखिन्छ ।
- बढ्दो शहरीकरणसँगै टोल विकास संस्थाको जिम्मेवारी थपिएको छ । यो जिम्मेवारीलाई यस टोल संस्थाले पूर्ण रुपमा बहन गर्ने वातावरणको सिर्जना स्वयम यस संस्थाले गर्नुपर्दछ ।

नगरपालिकाको क्रियाशीलतामा जन्मेका टोल विकास संस्थाहरुको अनुगमन, निरिक्षण र पुर्नमूल्यांडकन अनिवार्य भए पनि कतिपय प्राविधिक समस्या देखाउन नसक्दा कतिपय टोल विकास संस्थाहरु नगरपालिकाका लागि समस्यासमेत बनेका छन् । त्यसैले टोल विकास संस्थाहरुलाई सही मार्ग निर्देश गर्नु अनिवार्य देखिएको छ । टोल संस्थाहरु बढी जन्माउनु भन्दा पनि जन्मेकालाई सक्षम बनाउनु नगरपालिका र टोल विकास संस्थाको दायित्व हो । यसका लागि भइरहेको कार्यशैली परिर्वतन गर्नुपर्दछ । प्रथमतः यो टोल विकास संस्था आफै दिगो रुपमा सञ्चालन हुने परिवेश तयार पार्नुपर्दछ । अर्कोतिर शहर जतिसुकै सभ्य देखिए पनि शैक्षिक, राजनैतिक, आर्थिक, नैतिक, स्वास्थ्य सचेतनाका दृष्टिले अझै पछि परेको छ । यो विषम परिस्थितिको सामना गरी टोल विकास संस्थाहरुलाई जनमुखी बनाउनु नितान्त आवश्यक छ ।

### ७.३.२ टोल विकास संस्था र संस्थामा आवद्ध सबैका लागि

टोल विकास संस्थाका सबल पक्षहरु धेरै भए पनि व्यास नगरपालिकामा गठित सबै टोल विकास संस्थाको विकास समानुपातिक रुपमा भएको छैन । सबै संस्थाको एक आपसमा फरक फरक कार्यशैली जस्तो देखिन्छ । उद्देश्य एउटै भए पनि काम गर्ने शैलीमा केही फरक भएका कारण यी संस्थाहरु बीच समानता भन्दा भिन्नता व्यापक छ । एउटै वडाका टोल विकास संस्थाहरु बीच पनि आ-आफ्नो टोलका लागि मतभेद राख्नु विकासका लागि बाधक हो भन्ने तथ्यमा टोलका सदस्यहरु सचेत हुनुपर्दछ । त्यसैले शहरी जागरणलाई प्रभावकारी बनाउन सबै टोलहरुले समन्वय गरी अघि बढ्नुपर्दछ । यो समन्वय गर्नका लागि टोल विकास संस्था वडा समन्वय समिति पनि गठन भएका छन् तर यो समन्वय समितिले वडाका सबै टोलहरुलाई अगाडि बढाउन समन्वतात्मक भूमिका खेल्न सकेका छैन । समन्वय समितिले आफ्नो वडाको सबैलाई समन्वय गरी समस्याहरु पहिचान सहित

प्राथमिकताको आधारमा सम्बन्धित निकायसम्म चाँडै पुर्‌याउनुपर्दछ । स्थानीय विकासका लागि टोल विकास संस्थाका सदस्यहरुले नगरपालिकाको मात्र मुख ताक्ने बानीलाई सुधार गरी समुदाय परिचालनलाई बढी जोड दिनुपर्ने देखिन्छ । टोलका सबै घरधुरीलाई टोल संस्थामा आवद्ध गर्न टोल पदाधिकारीहरु सक्रिया रुपमा लाग्नु पर्ने देखिन्छ । तब मात्र विकास दिगो भई उनीहरुबाट पनि विकासका लागि टेवा पुग्दछ ।

### ७.३.३ व्यास नगरपालिकाका सबै नागरिकहरुका लागि

देशको मूल मेरुदण्ड र हरेक पक्षको निर्देशित बिन्दु नागरिक समाज हो । हाम्रो समाजका सबै नागरिकहरु एकै वर्ग, अवस्था र स्तरका छैनन् । सामाजिक विधिता नागरिक समाजको विषेशता हो । यही विधितालाई समेटेर एकिकृत समाज निर्माणमा लागेको टोल विकास संस्थाका हरेक पाइलाहरुमा नागरिकहरुको साथ अपरिहार्य छ । सबै नागरिकहरुले निजी स्वार्थलाई त्यागेर सामाजिक स्वार्थले काम गर्नुपर्दछ । स्थानीय निकाय नगरपालिका होस् वा स्थानीय स्तरमा गठन भएका टोल विकास संस्था होस् , दुबैको उद्देश्य स्थानीय व्यक्ति परिचालन गरी स्थानीय विकास गर्नु हो । त्यसैले विकास के ? किन ? र कस्का लागि भन्ने चासो नगरवासीहरुले लिनुपर्दछ । यस्ता संस्थाको वास्तविक मूल्याङ्कन गरी सही मार्ग हिडाउन सहयोग समेत गर्नुपर्दछ । एक दुई जनाको विचारभन्दा सबैको साझा विचारलाई समेटेर सामाजिक उत्थानमा क्रियाशील हुनुपर्दछ ।

# सन्दर्भ सामग्रीहरु


अधिकारी, रमेश र श्रेष्ठ उत्तम (२०६२), *नगरपालिका साझेदारी विकास कोष संचालन निर्देशिका*: स्थानीय विकास मन्त्रालय गाँउ नगर साझेदारी विकास कार्यक्रम ।

अधिकारी, रमेश (२०५७/२०५९), *बचत कार्यक्रम संचालन निर्देशिका*: स्थानीय विकास मन्त्रालय गाँउ नगर साझेदारी विकास कार्यक्रम (नेप /०१/०२०) ।

अधिकारमा आधारित (२०६२), *टोल विकास संस्था र नागरिक समाजको भूमिका र दायित्व* (एक दिवसीय अनुशिक्षण दिग्दर्शन): यू.एन.डि.पि. ।

*उद्यम विकास प्रशिक्षण सहभागी पुस्तिका (नेप/०१/०२०):* नगर प्रशिक्षण केन्द्र पोखरा ।

कुँबर, कृष्णबहादुर (२०५६), *नेपालमा गरिबी र ग्रामिण विकास:* मिना प्रकाशन, काठमाडौं ।

कंडेल, रिता (२०६६), *पोखरा उपमहानगरपालिका, शहरी सुशासन र गरिबी न्यूनीकरण*

गरिबी र वातावरण,(२०६७), *नेपाल सरकार, संयुक्त राष्ट्संघीय विकास कार्यक्रम र संयुक्त राष्ट्संघीय वातावरण कार्यक्रम* ।

अधिकारी, रमेश (२०६०), *शहरी गरिबी न्यूनीकरणमा गाँउ नगरको अन्तरसम्बन्ध अवधारण पत्र* ।

गुरुङ, हेमन्तः २०६८, *साझेदारी विकास समिति संचालन एवं प्रगति*

घिमिरे, दिपेन्द्रः २०५८, *टोल विकास संस्थाको भूमिका एवं प्रगति*

*टोल विकास संस्था समन्वय समिति कार्य सञ्चालन निर्देशीका(२०६८):*व्यास नगरपालिका ।

*स्थानीय स्वायत्त शासन ऐन (२०५५),* नेपाल सरकार काठमाडौं ।

*स्थानीय स्वायत्त शासन नियामावली (२०५६),* नेपाल सरकार काठमाडौं ।

व्यास नगरपालिका, (२०६३), *व्यास नगर गतिविधि ।*

नेपाल नगरपालिका संघ, (२०६६), *शहरको आवाज स्थानीय स्वशासन सहितको संघीय राज्य प्रणाली* ।

यू.एन.डि.पि, (२०५७) *समाज परिचालन म्यानुअल,* दक्षिण एशिया गरिबी निवारण कार्यक्रम ।

*Nepal Human Development Report, 2004,* empowerment and poverty reduction.

व्यास नगरपालिका गाँउ नगर साझेदारी विकास कार्यक्रम, (२०५८), *सहभागितात्मक नगरपालिका विकास योजना प्रकिया दिग्दर्शन* ।

Governement of Nepal, September, 2005, *National Planning commission secretariat.*

संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय, (२०६८) *स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम प्रतिवेदन (LGCDP)*

*विकेन्द्रीत स्थानीय स्वायत्त सहयोग कार्यक्रम* (बर्ष २, अङ्क २०६२) पश्चिमाञ्चल दर्पण,

*नेपाल मानव विकास प्रतिबेदन (२००१)* सशक्तीकरण तथा गरिबी न्यूनीकरण ।

*नेपाल मानव विकास प्रतिबेदन (२००४)* सशक्तीकरण तथा गरिबी न्यूनीकरण ।

पोखेल डा. जगदिशचन्द्र (२०६३, जेठ २९ गते) *स्थानीय विकास मुद्धाहरु तथा नागरिक समाज र राजनैतिक दलहरुको सहकार्य.* गणेशमानसिंह अध्ययन प्रतिष्ठान, पोखरा ।

*मानव विकास प्रतिवेदन* २००१: यु.एन.डि.पि. ।

*मानव विकास प्रतिवेदन* २००२: यु.एन.डि.पि. ।

*मानव विकास प्रतिवेदन* २००३ : यु.एन.डि.पि. ।

*मानव विकास प्रतिवेदन* २००४: यु.एन.डि.पि. ।

*नागरिक राष्ट्रिय दैनिक* बर्ष ५, ( शनिवार, २९ भदौ) कहिले छोड्ला गरिबीले ।

# अनुसूची १

तथ्य संकलनका क्रममा व्यास नगरपालिका, साझेदारी शाखा तथा सम्बन्धित कर्मचारीहरुसँग सोधिएका प्रश्नावलीहरुः

नाम ....................

ठेगाना .................

पेशा .................

तह ...................

कार्यालय ...............

१. व्यास नगरको पहिचान हो ?

२. क) सुन्दर शहर ख) अव्यावस्थित शहर

३. यस नगरपालिकाको प्राथमिक कार्य................. हुन् ?

४. क) गरिबी न्यूनीकरण र सुशासनको प्रवद्धन

५. शहरी सेवालाई कसरी पारदर्शी बनाउन सकिन्छ ?

६. क) निष्पक्ष सेवा प्रवाहद्धारा ख) सुशासनको विकासद्धारा

७. शहरी समस्यालाई कसरी छुट्याउन सकिन्छ ?

८. क) अनुगमनद्धारा ख) लेखाजोखाद्धारा

९. स्थानीय विकासका लागि के कस्ता रणनीति अपनाउन सकिन्छ ?

१०. क) समाज परिचालन ख) केन्द्रीय कार्य पद्धति

११. शहरी गरिबी भन्नाले के बुझिन्छ ?

१२. क) शहरमा न्यून आय भएकाहरु ख) कुनै पनि स्रोत र साधनमा पहुँच नभएकाहरु

१३. टोल विकास संस्था भनेको कस्तो संस्था हो ?

१४. क) समाजाजिक संस्था ख) गरिबी न्यूनीकरण गर्ने संस्था

१५. टोल विकास संस्थाको लक्षित वर्ग कुन हो ?

१६. वा क) गरिब र विपन्न ख) हरेक क्षेत्रमा पहुँच नपुगेको वर्ग र समुदाय

१७. टोल विकास संस्थाको गठन कसरी गरिन्छ ?

१८. वा क) एक घर एक सदस्य ख) बडाको सिफारीस

१९. टोल विकास संस्थाको मुख्य काम के हो ?

२०. वा क) आफ्नो टोलको समग्र विकास ख) नगरपालिकालाई सहयोग मात्र

२१. शहरी गरिबी न्यूनीकरणका लागि टोल विकास संस्थाले के कस्ता कार्यक्रमहरु अघि सारेको छ ?

२२. वा क) नाफामुखी ऋण प्रवाह ख) आय आर्जनमूलक सीप विकासमा जोड

२३. लघु ऋण र बिउँ पूँजी अनुदान बीच के भिन्नता छ ?

२४. वा क) व्याज लिने ख) व्याज नलिने

२५. टोल विकास संस्थाले के कस्ता उद्यममा जोड दिन्छ ?

२६. शहरी सेवा कसरी तल्लो तह सम्म पुर्‍याउन सकिन्छ ?

२७. टोल विकास संस्थाले नगरी नहुने काम केलाई मान्न सकिन्छ ?

२८. टोल विकास संस्थालाई बढि प्रभावकारी कसरी बनाउन सकिन्छ ?

२९. टोल विकास संस्थाले शहरी गरिबी न्यूनीकरणमा ल्याएको परिर्वतन केलाई मान्न सकिन्छ ?

# अनुसूची २

टोल विकास संस्थामा आवद्ध सदस्य एव पदाधिकारी र यस संस्थबाट लाभान्वितसमाय, परिवार र व्यक्तिलाई सोधिएका नमूना प्रश्नहरु :

नाम ………………… ठेगाना ………………

पेशा ………………… आवद्ध टोल विकास संस्था ………………

१. टोल विकास संस्थाको सदस्य कसरी बन्नुभयो ?

क) आफुखुशी ख) छिमेकीको करले

२. यस टोल विकास संस्थामा कति घरधुरी समेटिएका छन् ?

क) टोलका सबै ख) टोलका केहि

३. आफ्ना टोलका समस्याहरुको पहिचान कसरी गर्नुहुन्छ ?

क) सामुहिक छलफलबाट ख) नगरपालिकालाई सोधेर ?

४. आफ्नो टोललाई अगाडि बढाउनका लागि के कस्ता पहलहरु गर्न सकिन्छ ?

क) स्थानीय समाज परिचालनद्धारा स्थानीय कामहरु गरेर

ख) टोलका समस्याहरु नगरपालिकामा पुर्‍याएर

५. टोलको अध्यक्षलगाएत अन्य पदाधिकारी कसरी छानीन्छ ?

क) टोल बैठक गरी छलफलबाट ख) नगरपालिकाले तोकेर

६. यस टोलमा पहिचान हुन नसकेका समस्याहरु के के छन् ?

क) धेरै छन ख) थाहा छैन

७. सामाजिक विकासका लागि स्थानीय समुदायलाई किन सक्रिय बनाउनु पर्दछ ?

क) स्थानीय समस्य पहिचान गर्न ख) सबैलाई समान हक प्रदान गर्न

८. तपाईको टोलमा बचत किन गर्नु भएको हो ?

क) रकम जम्मा गर्न ख) ऋृण लिई व्यावसाय गर्न

९. तपाईको घरमा कति जना परिवार हुनुहुन्छ ?

१०. तपाईको आम्दानीको स्रोत के के छन् ?

११. टोल विकास संस्था गठन पूर्व के गर्नु भएको थियो ?

१२. टोल विकास संस्थाले तपाईलाई के कस्तो सहयोग गरेको छ ?

१३. टोल विकास संस्थाको कार्यले गरिबी न्यूनीकरणमा कस्तो र कसरी सहयोग गरेको छ ?

१४. तपाईको टोलको सिमाना कुन कुन हो ?

१५. यो टोल विकास संस्थामा कति घरधुरी समेटिएका छन् ?

१६. टोल विकास संस्थाको निर्वाचन कहिले हुन्छ ?

१७. एउटा टोलमा कति जना पदाधिकारी रहने प्रावधान छ ?

१८. टोल विकास संस्थाको अध्यक्षको काम के हो ?

१९. टोल विकास संस्थालाई नगरपालिकाले कस्तो सहयोग गरेको छ ?

२०. तपाईको टोलले गरिबीको पहिचान कसरी गर्दछ ?

२१. यस टोलको बचत रकम कति छ ?

२२. यस टोलमा टोल गठन भएपछि के के व्यावसाय परिर्वतन गर्नुभयो ?

२३. तपाईको टोलमा नगरपालिका साझेदारी शाखाबाट कति ऋण पाउनु भएको छ ?

२४. उद्यमशीलताको विकासले गरिबी न्यूनीकरणमा कसरी परिवर्तन ल्याएको छ ?

२५. टोल विकास संस्थाको निरन्तरताको लागि के गर्नु पर्दछ ?

# अनुसूची ३

## प्रमुख जानकारदाताहरु

| | |
|---|---|
| श्री रामचन्द्र लामगादे | प्रमुख एव कार्यकारी अधिकृत, व्या.न.पा. |
| श्री राजुहरी पडिण्त | बजार केन्द्र उत्प्रेरक, साझेदारी शाखा, व्या.न.पा. |
| श्री हेमन्त गुरुङ्ग | वित्त सहायक, साझेदारी विकास शाखा, व्या.न.पा. |
| श्री साबित्री आचार्य | स.परिचालक, साझेदारी विकास शाखा, व्या.न.पा. |
| श्री गोकर्णराज वाग्ले | सूचना अधिकारी, सूचना केन्द्र, व्या.न.पा. |
| श्री चुडामणि दाहाल | अध्यक्ष, टोल विकास संस्था नगर समन्वय समिति |
| श्री प्रेमकुमार श्रेष्ठ | अध्यक्ष, वडा नं १० टोल समन्वय समिति |
| श्री नन्दबहादुर थापा | अध्यक्ष, बुद्धपार्क टोल विकास संस्था वडान.१० |
| श्री प्रदिप काफ्ले | पत्रकार |

# अनुसूची ४

## टोल विकास संस्था  वडा नं १० समन्वय समिति (स्थानीय स्तरमा)

| | | | |
|---|---|---|---|
| १. | श्री प्रेमकुमार श्रेष्ठ | अध्यक्ष |
| २. | श्री इन्दिरा मिश्र | उपाध्यक्ष |
| ३. | श्री नन्दबहादुर थापा | सचिव |
| ४. | श्री दिपा श्रेष्ठ | कोषाध्यक्ष |
| ५. | श्री विष्णुकुमार श्रेष्ठ | सदस्य |
| ६. | श्री बाबुराम बगाले | ,, |
| ७. | श्री ठाकुर गिरी | ,, |
| ८. | श्री रिखुराम वि.क. | ,, |

# अनुसूची ५

## टोल विकास संस्था नगरपालिकामा दर्ता गर्ने निवेदनको नमूना

मितिः

श्रीमान् प्रमुख एवं कार्यकारी अधिकृतज्यू

व्यास नगरपालिका कार्यालय, दमौली, तनहूँ ।

बिषय : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाद्वारा गठित वडा नं. ..... को ............ टोलमा शहरी समाज परिचालन प्रक्रिया पुरा गरी गठन गरिएको ............. टोल विकास संस्थालाई ........ नगरपालिका कार्यालयमा दर्ता गरिदिनहुन यस टोल विकास संस्थाको मिति ........ को निर्णय अनुसार अनुरोध गर्दछु ।

यस ........... टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सिमाना रहनेछ,

तपसिल

पूर्व सिमाना ............

पश्चिम सिमाना ........

उत्तर सिमाना ..........

दक्षिण सिमाना ..........

निवेदक

..................

अध्यक्षको नामः ..........................

टोल विकास संस्थाको नामः .............

ठेगानाः ......................................

## फोटो नं १

टोल बैठक सञ्चालन गर्दै -तस्विर २०७० भाद्र २७



## फोटो नं २

टोल अध्यक्षसँग अनुसन्धान कर्ता अर्न्तर्वाता लिदै -तस्विर २०७० असोज ७



## फोटो नं ३

टोलको सहयोगमा संचालन गरिएको तरकारी व्यवसाय - तस्विर २०७० असोज ४



## फोटो नं ४

टोलमा संचालित बंगूर पालन - तस्विर २०७० अशोज १४



## फोटो नं ५

नगरपालिकाद्वारा संचालित मुडा तालिम (२०६० असार २७)



## फोटो नं ६

## व्यास नगरपालिकाको नक्शा

